लेखापरीक्षण प्रतिवेदन

इन्द्रसरोवर गाउँपालिका, मकवानपुर

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

इन्द्रसरोवर गाउँपालिका, मकवानपुर

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता *(Independence)*
निष्ठा *(Integrity)*
पारदर्शिता *(Transparency)*
जवाफदेहिता *(Accountability)*
व्यावसायिकता *(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/519

"

श्रीमान् अध्यक्षज्यू,

इन्द्रसरोवर गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय,मकवानपुर।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/519

श्रीमान् अध्यक्षज्यू ,

इन्द्रसरोवर गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरुसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु.९२ करोड ६७ लाख ४३ हजारको लेखापरीक्षणबाट रु. ३ करोड ५२ लाख २९ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. १ लाख १६ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु ४ लाख ९९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड १ लाख ८८ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ६७ लाख ८ हजार र पेश्की बाँकी रु. ७७ लाख १८ हजार गरी जम्मा रु. ३ करोड ५१ लाख १३ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. ९ करोड ३९ लाख २६ हजारमा यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु. १२ करोड ९० लाख ३९ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको

कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएका	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएका	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
६७	४९	३,५२,२९,२१३	०	५	१,१६,१३५	०	६७	४४	३,५१,१३,०७८	४,९९,१७३	१,६७,०७,५१७	१,०१,८८,२१६	०	०	२,६८,९५,७३३	७७,१८,१७२

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
मकवानपुर	९,३९,२५,८१९		०	९,३९,२५,८१९		३,५१,१३,०७८	१२९०३८८९७

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	७५.३	सामाजिक सुरक्षा कार्यक्रमः	३२,१३५
२	२०८१/८२	५७	पेश्की वाँकी-	८४,०००
जम्मा				१,१६,१३५

इन्द्रसरोवर गाउँपालिका, मकवानपुर

(८०३३२५०१३००)

इन्द्रसरोवर गाउँपालिका , मकवानपुर

परिचय

१

(क) कार्यालय परिचय :- स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ ।ईन्द्रसरोवर गाँउपालिकाको जम्मा क्षेत्रफल ९७.३२ वर्ग कि.मी. रहेको छ भने यस पालिकामा ५ वटा वडाहरु रहेका छन्।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।८।२० देखि २०८२।८।२२ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्ययतर्फ रु.९२करोड ६७ लाख ४३ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणका क्रममा असुलीः लेखापरीक्षणको क्रममा बढी भुक्तानी तथा नियम विपरीतको भुक्तानी भएको रु रु.५१,८९५ मिति

२०८२।९।१६ मा असुल गरी संघीय बेरुजु खातामा दाखिला भएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत आय व्यय विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण

आयतर्फ:			व्ययतर्फ:		
सि न	विवरण	रकम	सि नं	विवरण	रकम
1	गत वर्षको जिम्मेवारी	६८१५०७७६.००	1	चालु खर्च	२४१०८६७४७.५९
	क) संचितकोष स्रेस्ता अनुसार	५२८९९२३२.४८		क) संघीय वित्तीय समानीकरण	३०९९०९५.००
	ख) संचितकोष बैकमा बढी	३१५८७८.५२		ख) प्रदेश वित्तीय समानीकरण	०.००
	ग) धरौटी ग ३ स्रेस्ता/बैक अनुसार	१०३१७४४४.००		ग) राजश्व बाँडफाँड संघीय सरकार	५६७८२८१७.११
	घ) प्रकोप व्यवस्थापन कोष स्रेस्ता/बैक अनुसार	८६६१३७.००		घ) राजश्व बाँडफाँड प्रदेश सरकार	८४३२६४९.४८
	ङ) विविध खर्च खाता ग २-७ स्रेस्ता अनुसार	२३५९१०१.९८		ङ) राजश्व बाँडफाँड स्थानीय चालु	७७८१५६.००
	च) विविध खर्च खाता ग २-७ बैकमा बढी	१६०८.०२		च) संघीय सशर्त अनुदान चालु	११५०७०२९५.००
	छ) स्थानीय विभाज्य कोष	०.००		छ) प्रदेश सशर्त अनुदान चालु	६७७३२१६.००
	ज) स्थानीय तह विविध कोष ग ५-१ स्रेस्ता अनुसार	१३६५४९८.००		ज) आन्तरिक स्रोत चालु	५०१५०५१९.००
	झ) स्थानीय तह विविध कोष ग ५-१ बैकमा बढी	२५८७६.००	2	पुँजीगत खर्च	१२२८४१६८८.००
2	संघीय सरकार वित्तीय हस्तान्तरण	१९३९६८३९०.००		क) संघीय वित्तीय समानीकरण	४७४८०५७४.००
	क) वित्तीय समानीकरण अनुदान	६६६१७७६०.००		ख) प्रदेश वित्तीय समानीकरण	५७२६२४५.५२
	ख) सशर्त अनुदान चालु	११५०७०२९५.००		ग) राजश्व बाँडफाँड संघीय सरकार	११३२६१३०.४८
	ग) सशर्त अनुदान पुँजीगत	०.००		घ) राजश्व बाँडफाँड प्रदेश सरकार	५३९७२४८.००
	घ) विशेष अनुदान पुँजीगत	९२३७१३९.००		ङ) राजश्व बाँडफाँड स्थानीय पुँजीगत	७२१९०५९.००
	ङ) समपुरक अनुदान	३०४३१९६.००		च) संघीय सशर्त अनुदान पुँजीगत	०.००
3	प्रदेश सरकार वित्तीय हस्तान्तरण	४१०४२४७२.००		छ) प्रदेश सशर्त अनुदान पुँजीगत	१४१२४०३४.००
	क) वित्तीय समानीकरण अनुदान	६३९००००.००		ज) संघीय विशेष अनुदान पुँजीगत	९२३७१३९.००
	ख) सशर्त अनुदान चालु	६७६९४९३.००		झ) संघीय समपरक अनुदान पुँजीगत	३०४३१९६.००
	ग) सशर्त अनुदान पुँजीगत	१४१२४०३४.००		ज) आन्तरिक स्रोत	५५२९११७.००
	घ) विशेष अनुदान	४०७०५४०.००		ट) प्रदेश समपूरक अनुदान पुँजीगत	९६८८४०५.००
	ङ) समपूरक अनुदान	९६८८४०५.००		ठ) प्रदेश विशेष अनुदान पुँजीगत	४०७०५४०.००
4	अन्तर सरकारी निकासा रकम	७७३४२९७०.००	3	अन्तर सरकारी अख्तियारी	७७३४२९७०.००
	क) सामाजिक सुरक्षा तथा संरक्षण	६३१६१३१२.००		क) सामाजिक सुरक्षा तथा संरक्षण	६३१६१३१२.००
	ख) स्थानीय पूर्वाधार विभाग	३६९१४०७.००		ख) स्थानीय पूर्वाधार विभाग	३६९१४०७.००
	ग) स्थानीय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रम	९९८४१९५.००		ग) स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम	९९८४१९५.००

ाल	घ) रोजगार प्रवर्द्धन कार्यक्रम	१५२०५६.००		घ) रोजगार प्रवर्द्धन कार्यक्रम	१५२०५६.००
	ङ) विद्यालय क्षेत्र शिक्षा योजना (केन्द्रिय स्तर)	३५४०००.००		ङ) विद्यालय क्षेत्र शिक्षा योजना (केन्द्रिय स्तर)	३५४०००.००
5	अन्य आय	१०५९१९६३०.१६	4	धरौटी फिर्ता	६६५२६७१.००
	क) आन्तरिक राजस्व	३९२११७६.१२	5	विभिन्न कोषको खर्च	२३९२८७६४.९३
	ख) राजस्व बाँडफाँड संघीय सरकार	७७७५४८१९.३४		क) विविध खर्च खाता/कोष-खाता (ग २-७)	६२३६२२४.००
	ग) राजस्व बाँडफाँड प्रदेश सरकार	१६५५५१९८.०४		ख) स्थानीय विविध कोष ग ५-१	७६५२८५.००
	ङ) स्थानीय राजस्व	७६८८४३६.६६		ग) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता (ग ७.२)	११६१७५९५.९३
6	w/f}^L k|fKtLधरौटी	१०३५२६६०.००		घ) विभाज्य कोष खाता	५३०९६६०.००
7	विभिन्न कोषको आम्दानी	२५४२९८५९.८९	6	बैंक मौज्दात	५११८८०२५.८३
	क) विवधि खर्च खाता/कोष-खाता (ग २-७)	५८४०४०२.८३		क) संचित कोष खाता	३१०७८७६०.८९
	ख) स्थानीय विविध कोष ग ५-१	५२५८७६.००		ख) स्थानीय विविध कोष ग ५-१	११२६०८९.००
	ग) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता (ग ७.२)	११९५७९४२.००		ग) स्थानीय तह धरौटी खाता	१४०१७४३३.००
	घ) विभाज्य कोष खाता	७१०५६३९.०६		घ) स्थानीय तह विविध खर्च खाता ग २-७	१९६३२८०.८१
8	चेक साट्न/दायित्व दाखिला बाँकी	८३४१०९.३०		ङ) प्रकोप व्यवस्थापन कोष खाता	१२०६४८३.०७
	क) चेक साट्न बाँकी	५१६६९५.३०		च) विभाज्य कोष खाता	१७९५९७९.०६
	ख) कर दायित्व दाखिला बाँकी	३१७४१४.००			
	कुल जम्मा	५२३०४०८६७.३५		कुल जम्मा	५२३०४०८६७.३५

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ वित्तीय प्रतिवेदनको विश्लेषण

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ (२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले नेपाल सरकारको मिति २०७९।८।२० को संशोधित सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा एकिकृत वित्तिय प्रतिवेदन तयार गर्नुपर्दछ । गाउँपालिकाले तयार गरेको वित्तीय प्रतिवेदनमा अनुसूची तथा खुलासा (Disclosure) हरू पूर्ण रूपमा लेखाकिंत र प्रस्तुतीकरण भएको छैन।यसमा सुधार हुनु पर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३.२ **वित्तीय विवरणको यथार्थताः** पालिकाको सबै प्रकारका आर्थिक कारोवारको महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था अनुसार पालिकाले स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले तयार गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनमा अन्तर सरकारी अख्तियारी तर्फ स्थानीय पूर्वाधार विभागको रु.३६९१४०७, सामाजिक सुरक्षा तथा संरक्षणको रु.६३१६१३१२, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास

कार्यक्रमको रु.९९८४१९५, रोजगार प्रवर्द्धन कार्यक्रमको रु.१५२०५६ र विद्यालय क्षेत्र शिक्षा योजना (केन्द्रीय स्तर) को रु.३५४००० समेत कुल जम्मा खर्च रु.७७३४२९७० प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) मा लेखाङ्कन भएको छैन । सुत्र अनुसार कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७० अनुसूची १४ मा अन्तरसरकारी अख्तियारीको व्यवस्था गरे तापनि म.ले.प.२७० को वित्तीय विवरणमा देखिएको छैन ।सबै कारोबार प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.३ **फरक हिसाबः** गाउँपालिकाको सुत्र अनुसारको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) र शुत्र बाहिर तयार भएको एकीकृत आर्थिक विवरणमा यस वर्षको प्राप्ति, भुक्तानी र बैङ्क मौज्दातमा निम्नानुसार फरक परेको छ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	६७८०७४१३	३४०९३०४९२	३६३९२८४३६	५००१०५५४
एकीकृत आर्थिक विवरणअनुसार	६८१५०७७६	४५४८९००९१	४७१८५२८४२	५११८८०२६
फरक	३४३३६३	११३९५९५९९	१०७९२४४०६	११७७४७२

• पालिकाले तयार गरेको एकीकृत आर्थिक विवरणमा गाउँपालिकामा हुने सवै आम्दानी खर्च समेटिएको तर सुत्र अनुसारको गाउँपालिकाको वित्तीय प्रतिवेदन म.ले.प.फा.नं.२७० मा सवै आम्दानी खर्च समेटिएको छैन। यसरी सुत्रअनुसारको वार्षिक प्रतिवेदन २७० को मौज्दात र एकीकृत आर्थिक विवरणको मौज्दातमा रु.११७७४७२ फरक परेको देखिन्छ । धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घटको हिसाब समेतको प्रतिवेदन हुनेगरी वित्तीय प्रतिवेदन तयार हुनुपर्दछ ।

• पालिकाको सुत्र प्रणालीको फारम २७०-५ को वित्तीय प्रतिवेदनको अनुसूची १ अनुसार गत वर्ष सञ्चित कोषमा रु.५,२८,९९,२३२.४८ मौज्दात रहेकोमा एकीकृत आर्थिक विवरणमा रु.५,३२,१५,१११ जिम्मेवारी सारेको छ । सञ्चित कोषमा रु.३१५८७८.५२ बढी जिम्मेवारी सारेको रकम यकिन गरी हिसाबमिलान गर्नुपर्दछ ।

• गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ मा सुत्रको वित्तीय प्रतिवेदनअनुसार प्राप्ति रु.३४,०९,३०,४९२ र भुक्तानी रु.३६,३९,२८,४३६ हुँदा रु.२,२९,९७,९४४ यस वर्षको आम्दानी भन्दा बढी खर्च भएको देखिन्छ । पालिकामा घाटा बजेट रहेको छ ।

• वित्तीय प्रतिवेदन २७० मा कुल जम्मा प्राप्ति तर्फ विविध प्राप्ति रु.५०,९६८ आम्दानी जनाएको छ ।आम्दानीको यथार्थ हिसाब विवरण तयार गर्नुपर्दछ ।

३.४ **बैंक हिसाब मिलान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम पालिकाले मासिक रुपमा श्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्ने उल्लेख छ । पालिकाको सुत्र अनुसारको प्रतिवेदन २७० को टिप्पणी ६.३ अनुसार श्रेस्ता तथा बैंकमा निम्नानुसार फरक परेको देखिन्छ । उल्लेखित व्यवस्था अनुसार बैंक हिसाब तयार गरी हिसाबमिलान गर्नुपर्दछ ।

खाताको प्रकार	श्रेस्ता अनुसार बाँकी रु	बैंक अनुसार बाँकी रु
ग १.१, आन्तरिक राजस्व खाता	०.००	०.००
ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०.००	०.००
ग १.३, आन्तरिक अनुदान खाता	०.००	०.००
ग २.२, चालू खर्च खाता- जोर वर्ष	०.००	०.००
ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष	०.००	०.००
ग २.७, विविध खर्च खाता	१९,६३,२८०.८१	१९,६३,२८०.८१
ग ३.१, स्थानीय तह धरौटी खाता	१,४०,१७,४३३.००	१,४०,१७,४३३.००
ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	३,०२,१८,७०३.०५	३,१०,७८,७६०.८९
ग ५.१, स्थानीय तह विविध कोष खाता	११,२६,०८९.००	११,२६,०८९.००
ग ६.१, स्थानीय तह विभाज्य कोष खाता	१७,९५,९७९.०६	१७,९५,९७९.०६
ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	१२,०६,४८३.०७	१२,०६,४८३.०७
जम्मा	५,०३,२७,९६७.९९	५,११,८८,०२५.८३

उल्लेखित तालिका अनुसार आर्थिक वर्षको अन्तमा श्रेस्ताअनुसार रू. ५,०३,२७,९६७.९९ बाँकी रहेकोमा बैंकमा जम्मा रू. ५,११,८८,०२५.८३ मौज्दात देखाएको छ । यसरी श्रेस्ता भन्दा बैंकमा मौज्दात बढी देखिएको रू.८६००५७.८४ का सम्बन्धमा पालिकाले यकिन गरी श्रेस्तामा आम्दानी बाँध्नुपर्दछ ।

३.५ **कर दायित्वः**

आयकर ऐन २०५८ को परिच्छेद १७ को दफा ८७, ८८ र ८९ अनुसार भुक्तानीमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ र दफा ९०(४) अनुसार कट्टी भएको कर रकम समयमै दाखिला गर्नुपर्ने उल्लेख छ । तर पालिकाले आ. व. २०८१।८२ मा पालिकाले विभिन्न शीर्षकतर्फ कट्टी गरेको कर मध्ये वर्षान्तसम्म विभिन्न भुक्तानीहरुमा कट्टी गरी दाखिला बाँकी रहेको कर दायित्व रु.३१७४१४ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको नदेखिएकोले उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३,१७,४१४

४ **आन्तरिक नियन्त्रण प्रणाली** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्ने, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले ऐन अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको तर पूर्ण रुपमा लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका केही थप व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।

•बागमती प्रदेशको स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ८ मा कार्यविवरण लागु गर्नुपर्ने उल्लेख भएकोमा तोकिएको ढाँचामा कार्यविवरण तयार गरी प्रदेश किताबखानामा पठाउनुपर्नेमा पठाएको पाइएन ।

•गाउँपालिकाले २०८१।८२ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।

• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन।

• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले अधिकांश पहिरो सडक सरसफाईमा निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत पटके रुपमा काम गराएको पाईएकोले विपत् व्यवस्थापन शिर्षक अन्तर्गत बजेट विनियोजन गरी विपत् ग्रस्त स्थानको प्राविधिक लागत अनुमान समेतको मुल्यांकन गरी बजेट व्यवस्थापन गरी खर्च गर्नुपर्ने देखिन्छ ।

• गाउँपालिकाबाट सम्पन्न भएका योजनाहरुको गाउँपालिका स्तरीय अनुगमन समितिले अनुगमन गरेकोमा कतिपय योजनामा अनुगमन समिति संयोजक एवं वडाका जनप्रतिनिधीले अनुगमन गरी हस्ताक्षर गरेको पाइएन। साथै कतिपय अनुगमन प्रतिवेदनमा योजनाको नाम, अनुगमनबाट देखिएका बेहोरा समेत उल्लेख नगरी दस्तखत मात्र समेत गरेको देखिन्छ।

• सोझै खरिद गर्दा पेश गरेका कोटेशन दर्ता हुने नगरेको,

• सवारी साधन मर्मत र ईन्धन खर्चको कुपन तथा बिजकमा सवारी साधन नम्बर उल्लेख नगरेको,

• ईन्धनको अभिलेख पाम्समा दाखिला हुने नगरेको,

•कार्यालय सञ्चालन लगायत अन्य खरिद समेतको लागि कर्मचारीलाई पेश्की दिने गरेको,

• भ्रमणको मूल्याङ्कन योग्य र प्रष्ट उद्देश्य सहितको आदेश दिई तोकिएको अधिकारीबाट स्वीकृत हुनु पर्ने, भ्रमण स्थान खुलाउनुपर्ने र भ्रमण बाट फर्किए पछि भ्रमणको उद्देश्य ,अवस्था, उपलब्धि तथा सिकाइ, समस्या र सुझाव सहितको स्वीकृत ढाँचामा प्रतिवेदन पेश गर्नु पर्नेमा सो नगरेको,

•विविध खर्च तर्फ खाजा खानाका बिल संग बैठकको उपस्थिति माईन्यूट आगन्तुक पुस्तिका र कार्यक्रम सहभागी उपस्थिति स्रेस्तासाथ संलग्न नगरेको

• नवीकरण शुल्क समयमा बुझाई छुट समेत लिनुपहिर्नेमा ढिलो वुझाउँदा जरिवाना सहित खर्च लेख्ने गरेको,

• वडा समितिको माईन्युटमा एकै प्रकृतिका निर्णयमा पटक पटक बैठक बसी भत्ता वुझेको,

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

५ **लेखापरीक्षण प्रतिवेदन उपर छलफल** -

लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय निकायको सभामा पेश गरी छलफल गर्नु पर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्ने व्यवस्था छ । यो वर्ष गाउँपालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन कार्यपालिकाको वैठकमा पेश गरेको देखियो । लेखापरीक्षण प्रतिवेदनका सैद्धान्तिक व्यहोरा उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कायम बेरुजु फर्छयौटको कार्वाही टुङ्गो लगाई कानूनको पालना तथा स्थानीय निकायको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ।

६ **सूचनाको हक** -

सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ बमोजिम नगारिकको सूचनाको हकको संरक्षण र प्रवर्धनको लागि कार्यालयसँग माग गरिएको सूचना उपलब्ध गराएको सूचनाको विवरणको छुट्टै अभिलेख राख्नुपर्ने, तीन ती महिनामा स्वतः प्रकाशन गर्नुपर्ने, वेभ साइट नियमित रुपमा अद्यावधिक गर्नुपर्ने, सूचनाको वर्गीकरण र अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले स्वतः प्रकाशन नगरेको, सूचनाको वर्गीकरण एवं माग गरिएको सूचना उपलब्ध गराएको सूचनाको विवरणको छुट्टै छुट्टै अभिलेख अद्यावधिक गरेको र समय समयमा वेभसाइट अद्यावधिक गरेको पाइएन। पालिकाले ऐन नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

७ **बजेट पेश, पारित र अख्तियारी** -

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र गाउँपालिकाको प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । गाउँपालिका उपाध्यक्षले मिति २०८१/०३/१० भित्र नीति तथा कार्यक्रम र बजेट पेश भई रू.४८,१८,५९,००० को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१/०३/१० मा पारित भएको छ । साथै गाउँपालिका प्रमुखले मिति २०८१।०६।०६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।ऐनमा तोकिएको अवधिमा अख्तियारी प्रदान गर्नुपर्दछ।

८ **बजेट सीमा निर्धारण समिति:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले बैशाख १५ गतेभित्र गाउँपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा गाउँपालिकाले समितिको बैठक वर्षभरिमा १ पटक बसे तापनि प्रभावकारी छलफल तथा निर्णय नभएकोले योजना कार्यान्वयन तथा भुक्तानीका बखत अन्य योजना तथा शीर्षकवाट सापटी लिई भुक्तानी गर्ने गरेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

९ **बजेट तथा कार्यक्रम तर्जुमा:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१० **अबण्डा रकम** -

स्थानीय सरकार सञ्चालन, ऐन २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधारमा तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा राखी आयव्ययको अनुमान पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले अन्य सार्वजनिक भौतिक निर्माणमा रु.१३,६५,०००.०० मा अवण्डा वजेट कायम गरी रु.१३,६२,६४८.०० खर्च गरेको अर्थात् ९९.८३ प्रतिशत खर्च गरेको पाईयो । बजेट अबण्डामा राखी पटके तोकादेशवाट बजेट खर्च गर्ने गर्दा आवश्यकता र प्राथमिकताको पहिचान नहुने, आवश्यक कार्यक्रमको छनोट हुन नसक्ने, उत्पादनमा वृद्धि हुने कार्यक्रमभन्दा वितरणमुखी कार्यक्रमको छनोट हुन गई स्रोतको दुरुपयोग समेत हुनसक्ने सम्भावना रहने हुँदा अबण्डामा बजेट व्यवस्था गरी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

११ **भुक्तानी बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (२) मा कार्यालयले चालु आर्थिक वर्षको बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने उल्लेख छ । त्यस्तै सोही नियमावलीको नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले बिल भर्पाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालय वा आन्तरिक लेखापरीक्षकवाट स्वीकृत गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत सभावाट बहुवर्षे बाहेकको गत वर्षको खड्बु खानेपानी योजनामा ३२ लाख भुक्तानी दिन बाँकीको व्यवस्था गरी भुक्तानी गरेको जनाएको छ । बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना नहुने गरी खर्च व्यवस्थापन गर्नु उपयुक्त हुन्छ ।

१२ **रकमान्तर** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार पालिकाले सभावाट स्वीकृत बजेटको अधीनमा रही बढीमा पाइएन पुँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सकिने उल्लेख छ। तदनुरुप पालिकाले यस ऐन अनुसार स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रही तोकिएको कार्यक्रम सञ्चालन गर्नुपर्नेमा २०८१ आषाढमा आर्थिक वर्ष ०८१।८२ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सञ्चालन नगरी विभिन्न मितिको कार्यपालिकाको पटके निर्णयवाट ४० वटा योजनाको ७८ वटा योजनामा रु.२१६४०४०० रकमान्तर गरेको छ । उक्त रकम पारित सुरु बजेट रु.४८,१८,५९,००० को ४.४९ प्रतिशत हुन आउँछ । कार्यपालिकावाट गरेका सम्पूर्ण निर्णयहरु आ. व. २०८२।८३ को बजेट पारित गर्दा विगतमा भएका कार्यपालिकाका सम्पूर्ण निर्णयहरु एकमुष्ट अनुमोदन गरेको पाईयो । यसरी शुरुमा स्वीकृत कार्यक्रममा खर्च नगरी वर्षान्तमा बजेट फ्रिज नहुने शीर्षक परिवर्तन गरी भुक्तानी खर्च लेखेको नियमसम्मत देखिएन । तोकिएको सिमाभित्र तोकिएको शीर्षकमा नीति तथा कार्यक्रमले तोकिएका कार्यक्रममा मात्र रकमान्तर गरी बजेट कार्यान्वियन प्रकृयालाई पारदर्शी बनाउनुपर्दछ ।

१३ **योजना प्राथमिकीकरण** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को दफा २.६.८ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा पुँजीगत कार्यक्रमतर्फ निर्माणका योजनामा निम्नानुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल २३८ योजनामा बजेट विनियोजन गरेको छ।

	रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १०-50 लाख सम्म	50 लाख भन्दा बढी	जम्मा
वडा स्तरीय	१७	६४	४१	६	०	०	१२८
ग. पा स्तरीय	८	१५	४४	१९	१५	९	११०

उपर्युक्त विवरणअनुसार ५ लाख भित्रका योजना २३८ वटा अर्थात करिब ७९.४१ प्रतिशत रहेका छन् । गाउँपालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ गाउँपालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१४ वार्षिक खरिद योजना/गुरुयोजना:

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरूयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत सुत्रतर्फ मात्र वार्षिक रू.१३,६५,१७,२९० पुँजीगत खर्च (खरिद/निर्माण कार्य) गरेको छ । गाउँपालिकाले ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरूयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम गुरूयोजना एवं खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१५ पुँजीगत खर्चः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसूची २ बमोजिम प्रगति विवरण बनाई पेश गर्नुपर्ने र कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले उपलव्ध गराएको सुत्रको विवरण अनुसार पालिकाको यस वर्षको खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

बजेट उपशिर्षक	कुल खर्च		त्रैमासिक खर्च			
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
चालु खर्चतर्फ	२४१०८६७४८	४८३२०३०६	४०४८७५७४	५४०५१८७६	९८२२६९९२	५२५५०५६७
पँजीगत खर्चतर्फ	१२२८४१६८८	९५०२८९८	९३७३३१	२४२६०१२१	८८१४१३३८	५३९७९५४८
जम्मा	३६३९२८४३६	५७८२३२०४	४१४२४९०५	७८३११९९७	१८६३६८३३०	१०६५३०११५
प्रतिशत		१६	११	२२	५१	२९

गाउँपालिकाको कुल खर्च रू.३६ करोड ३९ लाख २८ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा १६ प्रतिशत, दोस्रो त्रैमासिकमा ११ प्रतिशत, तेस्रो त्रैमासिकमा २२ प्रतिशत र चौथो त्रैमासिकमा ५१ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र

रू.१० करोड ६५ लाख ३० हजार अर्थात् २९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

१६ **क्षेत्रगत खर्चको स्थिति -**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । गाउँपालिकाको क्षेत्रगत रूपमा कुल बजेट रु.४८१८५९००० बजेट मध्ये सुत्रतर्फको खर्च रु.३६३९२८४३६ अर्थात् समग्र रूपमा बजेटको ७५.५३ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ ।

क्षेत्रगत बजेट	बजेट	खर्च रकम	कुलखर्चको तुलनामा क्षेत्रगत खर्च प्रतिशत
आर्थिक विकास	१५३६८०००	१०६३१३९७	३
पूर्वाधार विकास	१७५३८८०००	९८६३११४३	२७
सामाजिक विकास	१४०६८५०००	११७७९३३९२	३२
बातावरण तथा विकास	७६५००००	५४६१२२०	२
संस्थागत विकास, सेवा प्रवाह र सुशासन	१५८९६०००	१२३३०२९७	३
अन्य कार्यालय संचालन तथा प्रशासनिक	१२६८७२०००	११९०८०९८७	३३
जम्मा	४८१८५९०००	३६३९२८४३६	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये कार्यालय संचालन तथा प्रशासनिकमा सबैभन्दा बढी ३३ प्रतिशत र वातावरण विकासमा सबै भन्दा घटी अर्थात २ प्रतिशत रहेको छ । पालिकाले प्राथमिकताका तोकेको आर्थिक विकास तर्फ ३ प्रतिशत तथा पूर्वाधारतर्फ २७ प्रतिशत मात्र खर्च गरेको देखिन्छ। खर्च गर्दा आवश्यकताको आधारमा सबै क्षेत्रमा समानुपतिक ढंगबाट खर्च गर्नुपर्दछ।

१७ **खर्च विश्लेषण**

गाउँपालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रू.७६८८४३७. राजस्व बाँडफाँड र अनुदानबाट रू.४०६६६३८४९ तथा गत मौज्दात लगायतको अन्य विविध आय समेत रू.५२३०४०८६७.३५ आम्दानी भएकोमा चालु तर्फ रू.२६५५२१५६९ र पुँजीगत तर्फ रू.१३६५१७२९० समेत रू.४७१८५२८४२खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.६३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रू.६४३१००० खर्च भएको छ जुन आन्तरिक आयको ८३.६५ प्रतिशत रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँड समेतको आम्दानी रकमबाट चालुतर्फ ५६ प्रतिशत, पुँजीगत निर्माणमा २९ प्रतिशत र फिर्ता तथा सामाजिक सुरक्षा अनुदान लगायतको वित्तीय व्यवस्थामा १५ प्रतिशत खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१८ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ नमुना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले आ.ब.२०८१/८२ सम्म १५ वटा ऐन, २ वटा कार्यविधि ४२ वटा नियमावली गरी ४९ वटा कानूनहरु निर्माण तथा राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याएको छ।

१९ **न्यायिक समिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारवाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ र यो वर्ष थप भएको शून्य गरी कुल ४ विवाद दर्ता भएकोमा ३ वटा मात्र फछ्र्यौट भई गत वर्षको १ मुद्दा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारवाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२० **ठेक्का अभिलेख -**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२१ **सहकारी सञ्चालन -**

सहकारी ऐन २०७४, को दफा ७३ अनुसार मासिक चौमासिक वार्षिक प्रतिवेदन बुझाउनुपर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरिक्षण तथा अनुगमन निर्देशिका,२०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गतेभित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्र सहकारी संचालनमा रहेका सहकारी संस्थाको अद्यावधिक अभिलेख राखेको छैन । पालिकाले उपलव्ध गराएको विवरण अनुसार केहिको आंशिक विवरण पेश भएको र केही निष्कृय रहेको जनाएको छ । पालिकाभित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणालीवाट मासिक विवरण दाखिला गरेको पाईएन । त्यसैगरी पालिकावाट अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन समन्वय समेत गर्ने गरेको छैन । पालिका भित्र विभिन्न समस्या आइसकेका र समास्या उन्मुख सहकारी संस्था, उजुरी परेका सहकारीका बचत कर्ताहरुको बचत फिर्ता गर्न नसकी संस्थाको कार्यालय नियमित संचालनमा नरहेका र सहकारीका बचतकर्ताको बचत जोखिममा परेका संस्था सम्बन्धमा आधिकारिक विवरण उपलव्ध भएन । तोकिएका ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा गाउँपालिकाभित्र कारोवार गर्दै आएका सहकारी संस्थाहरुको लगत अद्यावधिक गर्ने, बचत रकमको सुरक्षाका लागि लगानी लगायतका कारोवारको अनुगमन गरी जनताको बचत रकमको सुरक्षा हुने गरी आवश्यक व्यवस्थाको लागि विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२२ **नीति तथा कार्यक्रमको कार्यान्वयन -**

आर्थिक वर्ष २०८१।०८२ को पालिकाको नीति तथा कार्यक्रममा राजस्व नीतिमा चालु खर्चलाई बाञ्छित सिमामा राखी पुँजीगत खर्चमा अभिवृद्धि गरिने, आम्दानी र खर्चलाई वर्गीकरण तथा लेखांकन गरी आन्तरिक नियन्त्रण र लेखापरीक्षण प्रणालीलाई सफ्टवेयर प्रणालीमा आबद्ध गरिने, विभिन्न धार्मिक स्थल र पार्क तथा पर्यटकीय गन्तव्य स्थल निर्माण गरी पर्यटन शुल्क मार्फत गाउँपालिकाको राजस्वको दायरा बढाईने, माछा व्यवसायी, ठाडो खोला झरना, डुँगा व्यवसायी, जिपलाईन लगायत गाउँपालिका भरी व्यवसायिक तथा मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालन गर्ने व्यवसायीलाई कानुनबमोजिम करको दायरामा ल्याउने उल्लेख छ । त्यस्तै पर्यटन संस्कृति प्रवर्द्धन सम्बन्धी नीतिमा गाउँपालिका स्तरीय पर्यटन समिति गठन गर्ने, महत्वपुर्ण पर्यटकिय स्थलको रुपमा रहेको विरफाखेल मैत्री पार्कको निर्माण कार्यलाई तिव्रता दिई सम्पन्न गर्ने उल्लेख भएकोमा सो कार्यान्वयन नभएको र अधिकांश नीतिमा शून्य प्रगति छ । कार्यान्वयन योग्य र यथार्थपरक नीति तथा कार्यक्रमको कार्यान्वयन गरी जनताको सेवा सुविधा समेतलाई ध्यानमा राखी विकासका काममा लाग्नुपर्ने देखिन्छ ।

२३ **लक्ष्य प्रगति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम तय गर्ने प्रत्येक कार्यालयले नियमावलीले तोकिएको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने उल्लेख छ । सञ्चालन भएका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । गाउँपालिकामा पुँजीगत कार्यक्रमतर्फ कुल २२६ योजनाको मध्ये ५१ वटा अर्थात् २२.५७ प्रतिशत योजना कार्यान्वयन भएको पाइएन ।पालिकाले योजना छनौट गर्दा कार्यान्वयन योग्य योजनामात्र छनोट गर्नुपर्दछ ।साथै गाउँपालिकाले निर्धारित समयमा कार्यक्रम सञ्चालन गरी प्रगति हासिल गर्ने र गाउँपालिकामा सञ्चालन भएका कार्यक्रमहरुको तोकिएको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्दछ ।

२४ **सेवा प्रवाहको अभिलेख** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था छ ।सो अनुसार गाउँपालिका र ५ वडाहरुबाट सम्पादन भएको सेवा प्रवाहको अभिलेख राखि एकीकृत अभिलेख तयार गर्नुपर्नेमा गाउँपालिकाले सो अभिलेख राखेको देखिएन । ऐनले तोकेका क्षेत्रगत सेवा प्रवाहको वडागत समेतको विवरण माग गरेकोमा अभिलेख अद्यावधिक गर्ने नगरेको मौखिक जवाफ दिएकोले सेवा प्रवाहको तथ्यगत प्रगति विश्लेषण गर्न सकिएन । पालिकाले पञ्जीकरणतर्फको अभिलेख मात्र लेखापरीक्षण अवधिमा पेश गरेको र पूर्वाधार विकास सडक निर्माण, स्वीकृत घर जग्गा नक्सा पास, अभिलेख सिफारिस लगायत पालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका सेवा प्रवाहको हालसम्मको अद्यावधिक आकडाँ सहित पालिकाले सेवा प्रवाहको एकीकृत अभिलेख समेत तयार नगरेकोले सेवा प्रवाहको सम्वन्धमा विश्लेषण गर्न सकिएन । गाउँपालिकाले सेवा प्रवाहको अभिलेख अनिवार्य रुपमा अद्यावधिक गरी सेवा प्रवाहलाई चुस्त दुरूस्त एवं प्रभावकारी बनाउनुपर्दछ ।

२५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जङ्गल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको गाउँपालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेखाङ्कन गर्नुपर्दछ ।

२६ **तलबी प्रतिवेदनः**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । गाउँपालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई स्वास्थ्य तर्फ रू.१,४४,०३,७४९ र गाउँपालिका प्रशासनिक कर्मचारी तर्फ रू.१,३१,७८,२८६/- समेत रू.२,७५,८२,०३५/- खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२७ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८/०७९ मा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी पद दर्ताको लागि किताबखानामा पठाएको जनाएकोमा प्रमुख प्रशासकीय अधिकृत सहित ३८ जनाको दरबन्दी स्वीकृत रहेको र आषाढ मसान्तसम्म लेखा अधिकृत पद रिक्त रहेकोले ३७ जना पदपूर्ति भएको देखिन्छ । पालिकामा जम्मा ५ वटा वडा मध्ये ४ वडा सचिव मात्र पदपूर्ति भई १ वडा दरबन्दी अनुसार वडा सचिव बिहीन रहेकोमा प्राविधिक सब ईन्जिनियर अर्थात् फरक सेवाको कर्मचारी लाई वडा सचिवको जिम्मेवारी प्रदान गरी सव ईन्जिनियरलाई वडा सचिव जिम्मेवारी दिने र प्रशासन सेवाको कर्मचारीलाई पालिकामा पुल

दरबन्दीमा राखेको पाइयो । पञ्जकीरण, प्रमाणीकरण तथा व्यवस्थापकीय भुमिकामा रहने वडा सचिव पदमा फरक सेवाका कर्मचारीलाई वडा सचिवको जिम्मेवारी दिँदा र दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । रिक्त पदहरुमा स्थायी कर्मचारीहरुको पदपूर्ति गराउने र सेवा समूह अनुसारको कार्य जिम्मेवारी दिई सेवा प्रवाहको व्यवस्था मिलाउनु पर्दछ ।

२८ **कर्मचारी करार सेवा-**

२८.१ **कर्मचारी करार** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका सहायक तहका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । त्यस्तै बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६ मा स्थानीय सेवाका कर्मचारी गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्त गर्न नपाइने र तोकिएको अवधिभित्र पदपूर्तिको लागि माग नगरी ज्यालादारी वा करारमा नियुक्ति गरेमा उक्त तलब भत्ता वापतको खर्च रकम नियुक्त गर्ने कर्मचारी वा पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिने उल्लेख छ । गाउँपालिकाले समायोजन ऐन २०७४ को अधिनमा रही कर्मचारी समायोजन नभएसम्मको लागि स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४ को अधीनमा रही लागि स्वीकृत दरबन्दी भित्रका पद रिक्त भएमा मात्र करारमा कर्मचारी राख्न पाउने व्यवस्थालाई समेत कर्मचारी समायोजन भएपश्चात् र संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भएपश्चात् पनि करारमा कर्मचारी भर्ना गरेको तथा केही पद लोक सेवा आयोगमा माग समेत नपठाएको पाइयो । यस वर्ष गाउँपालिकाले विभिन्न पदमा करारमा संघीय सशर्त बाहेकमा ४२ जना कर्मचारी करारमा भर्ना गरी करार सेवा शुल्क अन्तर्गत रु.१,४७,७२,१२८ खर्च लेखेको छ । स्थानीय सरकार गठन भएको ७ वर्ष पुरा भएको अवस्थामा समेत प्रदेश लोक सेवा आयोगवाट स्थायी पदपूर्ति माग नगरी करार सेवालाई निरन्तरता दिनु उचित देखिँदैन । यसरी दरबन्दी भित्रका पदमा मात्र करारमा कर्मचारी राख्न पाउने नियममा भएको व्यवस्था विपरीत निम्न पदमा करारमा कर्मचारी नियुक्ती गरी तलब सुविधा रु.९०६१३३८ भुक्तानी गरेको (लोक सेवा आयोगमा समेत माग नगरेको) नियमसम्मत देखिएन ।

पद	दरवन्दी	स्थायी कार्यरत	कार्यरत संख्या	करारमा खर्च रकम	कैफियत
प्रा स पशु सेवा	३	१	१	४५४०९०	लोक सेवामा माग नगरेको
सव ईन्जिनियर	३	१	१	४५४०९०	
नेत्र सहायक	०	०	१	४५४०९०	
ना प्रा स पशु	१	०	४	१७१०९०४	
प्रा स कृषि	२	१	२	८५५४५२	
असिस्टेन्ट सव ईन्जिनियर	५	२	१	४२७७२६	
ल्याव असिस्टेन्ट	०	०	१	४२७७२६	
अमिन	०	०	१	४२७७२६	
अनमी	१२	८	४	१७१०९०४	
अहेव	१४	११	३	१२८३१७८	
सहायक चौथो	०	०	१	४२७७२६	
आयुर्वेद चौथो	०	०	१	४२७७२६	
कुल जम्मा				९०६१३३८	

२८.२ **दरबन्दी बाहिरको करार**-स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०७९ को दफा ५ मा स्थानीय तहमा स्थानीय सेवाको संगठन संरचना वा दरबन्दी सिर्जना गर्न तथा त्यस्तो संगठन संरचना वा दरवन्दीमा पुनरावलोकन वा हेरफेर गर्न सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा समिति गठन गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने उल्लेख छ । पालिका सभाले आफैँ दरबन्दी स्वीकृत गरेको भएतापनि सो पद संख्या संघ तथा प्रदेशका कुनै पनि निकायमा दर्ता भएको छैन । पालिकाले सभाले स्वीकृत गरेको भन्दा निम्न पदमा बढी कर्मचारी भर्ना गरी वार्षिक रु.३४२१८०८ खर्च लेखेको छ । तसर्थ ओ एण्ड एम सर्वेक्षणको स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी राखी खर्च लेखेकोले दरबन्दी भन्दा बढी कर्मचारी भर्ना गरी खर्च लेख्ने कर्मचारीलाई जिम्मेवार बनाउनुपर्दछ । स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी भर्ना तथा व्यवस्थापन गरी लेखेको उक्त खर्च अनियमित देखिएको रु.

पद	दरवन्दी	कार्यरत	अनावश्यक कर्मचारी भर्ना गरी खर्च रकम
ना प्रा स पशु	१	४	१७१०९०४
ल्याव असिस्टेन्ट	०	१	४२७७२६
अमिन	०	१	४२७७२६
सहायक चौथो	०	१	४२७७२६
आयुर्वेद चौथो	०	१	४२७७२६
जम्मा	१	८	३४२१८०८

अनियमित भएको	३४,२१,८०८

२९ **जिन्सी व्यवस्थापनः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, मूल्य नखुलेको सामग्रीको मूल्य खुलाउनु पर्ने व्यवस्था रहेका छन् । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रविष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तिको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छः

• पालिकाको स्वामित्वमा रहेका जिन्सी मालसमानहरुको नियमानुसार पाम्सवाट जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेको पाइएन ।

• पाम्स V1 मा आ.व. २०८०।८१ को रु.१५,४१,५२,०६१ मूल्यका कम्प्युटर तथा विद्युतीय सामग्री, मसलन्द तथा छपाई, अन्य मालसामान आपूर्ति लगायत खर्च भएर जाने सम्पत्ति विभिन्न ७९१६ आइटमहरुको मौज्दात देखिएकोमा उक्त आइटमहरु पाम्स V2 मा अ. ल्या. सारेर अद्यावधिक भएको पाइएन । पालिकाले अभिलेख अद्यावधिक गराउनुपर्दछ ।

• पालिकाले जिन्सी सहायक खातामा अभिलेख अद्यावधिक गरेको नपाइएकोले अभिलेख अद्यावधिक गर्नुपर्दछ।

• पालिकाले इन्धन खर्च लेख्दा पाम्स प्रयोग गरेको पाइएन।

३० **कर तथा शुल्क असुली-**

३०.१ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक राजस्वको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३१२३५३८३२	७६८८४३६.६६	२.४६

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.४६ प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३०.२ **आय अनुमान तथा असुली-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र बहाल बिरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्ने उल्लेख छ । शीर्षकगत आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आम्दानी शीर्षक	अनुमान	आम्दानी
सम्पति कर	१,००,०००.००	२७,५६६.३७
भूमिकर/ मालपोत	७,००,०००.००	७,६५,९६३.४३
बहाल कर	२,००,०००.००	५,६१,६७०.०७
अन्य मनोरञ्जन कर	२,००,०००.००	०.००
व्यवसायले भुक्तानी गर्ने	५,००,०००.००	०.००
कृषितथा पशुजन्य वस्तु व्यावसायिक कर	०.००	३,८००.००
अन्य कर	४२,९४,७९५.००	०.००
अन्य सेवा शुल्क तथा बिक्री	०.००	५००.००
न्यायिक दस्तूर	०.००	१००.००
परीक्षा शुल्क	०.००	१७,०००.००
अन्य प्रशासनिक सेवा शुल्क	८,००,०००.००	२,०३,०००.००
नक्सापास दस्तुर	१,५०,०००.००	२,६४,५६६.१०
सिफारिश दस्तुर	०.००	५,२२,९६८.४०
व्यक्तिगत घटना दर्ता दस्तुर	१,००,०००.००	२,२२,८२०.००
नाता प्रमाणित दस्तुर	०.००	२३,०४०.००
अन्य दस्तुर	०.००	४,९२,६८८.७५
व्यावसाय रजिष्ट्रेशन दस्तुर	०.००	६,०८,३५०.००
अन्य क्षेत्रको आय	१६,८३,०००.००	२,९३०.००
न्यायिक दण्ड, जरिवाना र जफत	१,००,०००.००	२०,०००.००
प्रशासनिक दण्ड, जरिवाना र जफत	०.००	९२,५००.००
अन्य राजस्व	२०,००,०००.००	३६,९७५.००
व्यवसाय कर	०.००	३,७७०.००
बेरूजु	०.००	५०,९६८.००
जम्मा	**१,०८,२७,७९५.००**	**३९,२१,१७६.१२**

उल्लिखित विवरण अनुसार पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ केही शीर्षकमा अनुमानित भन्दा बढी आय प्राप्त गरेको छ भने कतिपय राजस्व शीर्षकमा अनुमानको तुलनामा कम राजस्व संकलन भएको छ । समग्र प्राप्तिको श्रोतको अनुमानको तुलनामा ३६.२९ प्रतिशत मात्र संकलन भएको छ । आर्थिक वर्ष २०८१।०८२ को पालिकाको नीति तथा कार्यक्रममा विभिन्न धार्मिक स्थल र पार्क तथा पर्यटकीय गन्तव्य स्थल निर्माण गरी पर्यटन शुल्क मार्फत गाउँपालिकाको राजस्वको दायरा बढाईने, माछा व्यवसायी, ठाडो खोला झरना, डुँगा व्यवसायी, जिपलाईन लगायत गाउँपालिका भरी व्यवसायिक तथा मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालन गर्ने व्यवसायीलाई कानुनबमोजिम करको दायरामा ल्याउने उल्लेख भएकोमा पालिकाले सो अनुसारका व्यवसायीहरुलाई कर दायरामा ल्याउन सकेको देखिएन।

साथै पालिकाभित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले पाइयो जसले गर्दा पालिकाले प्राप्त गर्नुपर्ने राजस्व प्राप्त हुन नसकेको स्थिति छ । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख

अद्यावधिक गरी करको दायरामा ल्याउने र राजस्व प्रक्षेपणलाई यथार्थपरक बनाइ राजस्व संकलन र सोको परिचालन व्यवस्थित गर्नुपर्दछ।

३०.३ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउन सक्ने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क लगायतवाट रू.३७७० मात्र कर सङ्कलन गरेकोमा गाउँपालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन। गाउँपालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३०.४ **सामुदायिक वनको आय** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको बिक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित स्थानीय निकायको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले सो अनुसार आम्दानी प्राप्त गरेको पाइएन। गाउँपालिकाले डिभिजन वन कार्यालयसंग समन्वय गरी राजस्व असुल गर्नुपर्दछ।

३१ **आन्तरिक आम्दानीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ।पालिकाले यसवर्ष आन्तरिक आय तर्फ रु.३९२११७६.१२ र विभाज्य कोष तर्फ दहत्तर बहत्तर शुल्क वापत रु.७१०५६३९.०६ समेत रु.११०२६८१५.१८ संकलन गरेको छ। आन्तरिक आय सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार रहेका छन्;

३१.१ संचित कोष व्यवस्थापन प्रणाली (राजस्व संकलन) को प्रतिवेदनमा करदाता अनुसारको राजस्व संकलनमा ९०२ जनाको due summary मा रु.८६७७४८. ४० देखिएको छ। यसरी Due देखिएकोमा सम्पत्तिकर, भूमिकर/ मालपोत, व्यवसाय नवीकरण दस्तुर र घ वर्गको इजाजतपत्र नवीकरण रहेको छ। सो सम्बन्धमा संस्थागत दर्ता भएका सबै करदाताको घ वर्गको इजाजत पत्र नवीकरणको देखिएकोले बढी रकम भएको पालिकाले जनाएको छ। यसरी कर करदाताको due देखिएको रकम असुल गर्न तर्फ पालिकाले पहल गर्नुपर्ने देखिन्छ ।

३१.२ गाउँपालिका र पशुपति कन्स्ट्रक्सनबीच भएको सम्झौताको बूँदा नं १७ मा संकलन केन्द्र राख्ने स्थान, बुँदा नं २० मा ठेकेदाले लिन पाउने बिक्री मूल्य वा शुल्कको व्यवस्था भएकोमा संकलन केन्द्र र शुल्क नराखी सम्झौता गरेको छ। जसले गर्दा तोकिएको स्थानमा संकलन गरे नगरेको यकिन हुन सकेन ।

३१.३ गाउँपालिका र पशुपति कन्स्ट्रक्सनबीच भएको सम्झौताको बूँदा नं ६ मा नदीजन्य पदार्थको उत्खनन् संकलन गरी घाटगद्दि क्षेत्रबाट बिक्री वितरण गर्ने क्रममा उल्लेखित शर्तहरु पालना भए नभएको सम्बन्धमा अनुगमन समिति तथा गाउँपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिने व्यवस्था भएकोमा पालिकाबाट अनुगमन गरी प्रतिवेदन पेश गरेको पाइएन ।जिल्ला समन्वय समितिको प्राविधिकको इन्द्रसरोवर गाउँपालिका अन्तर्गत नदीजन्य पदार्थको उत्खनन् र संकलन सम्बन्धी स्थलगत नापजाँच तथा अनुगमन गरी २०८१।१।१४ मा पेश गरेको प्रतिवेदनमा भारी उपकरण प्रयोग गरी उत्खनन्/ संकलन कार्यपालिकाबाट अनुमति लिई निश्चित समय तोकि गाउँपालिकाको रोहवरमा गरिनुपर्ने उल्लेख भएकोमा सो नभएको, २०८१ असोजमा आएको बाढीका कारण थुप्रिएको नदिजन्य पदार्थको परमाण हेरफेर भएको हुँदा IEE संसोधन गरेकोमा ठेक्का नलागेकोले परिमाण संशोधन नभएको कारण IEE प्रतिवेदनमा भएको परिमाण र थुप्रिएको परिमाणमा धेरै अन्तर देखिएको, गाउँपालिकाको अनुगमन समिति क्रियाशील नभएको जस्ता विषय उल्लेख

भएकोमा सो प्रतिवेदन पश्चातको उत्खनन् मा पालिकाले उक्त प्रतिवेदनमा देखिएका विषय सम्बन्धमा कार्यान्वयन गर्न लगाई सो को अनुगमन गरेको पाइएन।यसले गर्दा सम्झौतामा उल्लेखित शर्त अनुसारकै परिमाणमा उत्खनन् गरे नगरेको यकिन हुन सकेन। अनुगमनलाई प्रभावकारी बनाउनु पर्दछ।

३१.४ कन्स्ट्रक्सनले दोश्रो र तेस्रो किस्ता वापतको रकम धरौटीमा एकमुष्ट जम्मा गरेकोमा तेस्रो किस्ता वापतको रु.२७३५२७७.६२ लेखापरीक्षण अवधिसम्म पनि धरौटी खातामा नै देखिएकोले उक्त रकम विभाज्य कोषमा दाखिला गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२७,३५,२७७

३१.५ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) मा पालिकाले आफ्नो क्षेत्रभित्रको वातावरणीय मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा ढुंगा गिटी बालुवा बिक्री गर्न सक्ने व्यवस्था छ । सोही अनुसार इन्द्रसरोबर गाउँपालिका भएर बग्ने कुलेखानी खोलाको विभिन्न स्थान, सुकौरा खोलाको विभिन्न स्थानमा ढुंगा गिटी बालुवा उत्खनन् कार्यको लागि IEE भई १६४९३११.२६ घ.फि संकलन गर्न सकिने देखिन्छ। IEE प्रतिवेदन अनुसार विभिन्न ७ ठाँउ उल्लेख भएकोमा पालिकाले विभिन्न ५ ठाउँको १५७१३९५.७४ क्यु. फि. को विभिन्न ३ प्याकेजमा ठेक्का व्यवस्थापनको लागि मिति २०८१।४।२३ मा सूचना प्रकाशन गरेकोमा प्याकेज ३ को मात्र ठेक्का स्वीकृत भएको छ । अन्य २ प्याकेजको लागि ठेक्का नपरेकोले पुनः सूचना प्रकाशन गर्दा समेत ठेक्का लाग्न नसकेको देखिन्छ। प्याकेज ३ को लागि न्युनतम लागत रु. ३०२९२९२.०७ भएकोमा पशुपति कन्स्ट्रक्सनको रु. ८०४४९३३.७९८ को स्वीकृत भई मिति २०८१।६।१५ मा सम्झौता भएको छ।

सम्झौतामा उत्खनन् कर्ताले दैनिक अभिलेख राख्नुपर्ने व्यवस्था अनुसार पेश भएको अभिलेखमा मिति २०८१।७।१ देखि मात्र संकलन/ उत्खनन् गरेको विवरण पेश भएको छ। सम्झौता पछिको १५ दिनमा निज निर्माण व्यवसायीले उत्खनन् गरे नगरेको यकिन हुन सकेन। पेश भएका रसिदमा परिमाण, इकाई, दर लगायतका विषय नखुलाएकोले के कति परिमाण बिक्री गरेको यकिन हुन सकेन।

३१.६ पालिकाले अमानतबाट दहत्तर बहत्तर शुल्क संकलन गरेकोमा सो को दैनिक एवं मासिक संकलनको श्रेस्ता अद्यावधिक नराखेकोले के कति रकम संकलन भयो र संकलन भएको सबै रकम बैंक दाखिला भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन। पालिकाले पेश गरेको दहत्तर बहत्तर संकलनको नगदी रसिदमा अधिकांशमा २६४ क्यू.फि. परिमाण उल्लेख भएकोमा कतिपयमा ८०, १५०, १००, १३२ लगायतका फरक फरक परिमाण बिक्री गरेको देखिएकोमा रसिदमा कस्तो प्रकारको मालवाहक हो सो खुलाएको पाइएन । जसले गर्दा प्राप्त हुनुपर्ने रकम प्राप्त भएको सम्बन्धमा यकिन हुनु सकेन। सबै रसिदमा कुन प्रकारको मालवाहक साधन हो खुलाउनु पर्ने देखिन्छ ।

३१.७ प्रदेश सरकारको आर्थिक ऐन २०८१ को दफा ८(६) मा सम्वन्धित स्थानीय तहले ढुंगा, गिटी, बालुवा, माटो दहत्तर बहत्तर शुल्कको ४० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाको विभाज्यकोष खातामा रु १७९५९७९.०६ बाँडफाँट हुन बाँकी देखिएकोले उक्त रकम बाँडफाँट गरी रु. ७१८३९२।- प्रदेश सञ्चित कोष दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ।

३२ **ईन्धन सुविधा-**

अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७७ को बूँदा ७.१.१६ अनुसार सवारी साधन सुविधा पाउने पदाधिकारीलाई इन्धन सुविधा पाउने व्यवस्था छ । गाउँपालिकामा चालु हालतमा डिजेल तथा पेट्रोलबाट चल्ने दुई पाङ्ग्रे र चार पाङ्ग्रे तथा निजी सवारी साधन रहेको जनाएकोमा के कति संख्यामा रहेका छन् अद्यावधिक विवरण पेश भएको छैन । यस वर्ष गाउँपालिकाले ईन्धन वापत रू.३०,६१,३४६ लाख खर्च गरेको छ । सो बाहेक अन्य मेशिनरी मर्मत कार्यक्रमबाट समेत इन्धन खर्च गरेको देखिएको र खर्चमा मितव्ययिता एबं आन्तरिक नियन्त्रण पद्धति अवलम्बन गरेको नदेखिएकोले आन्तरिक नियन्त्रण प्रणाली अनुसार उक्त खर्चमा नियन्त्रण हुनुपर्दछ।

३३ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा मात्र विविध खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले गाउँसभा सञ्चालन तथा विभिन्न समयमा भएको बैठक र अतिथि सत्कारमा खाना, चिया, नास्ता, भ्रमण भत्ता, लगायत विविध खर्चमा रु.५६,१८,५५१ खर्च भएको छ । पालिकाको आन्तरिक आय रु.७६,८८,४३६.६६ रहेकोमा विविध खर्च ७३.०८ प्रतिशत रहेको पाईयो । त्यस्तै सभा सञ्चालनमा रु.१०,२८,५३० खर्च भएको छ । खर्च गर्दा मितव्ययीता कायम हुने गरी खर्च गर्नुपर्दछ।

३४ **भ्रमण खर्च अनुमोदन नभएको -**

बाम्मती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ५(३) को उपदफा (१)बमोजिम तीन दिन सम्मको भ्रमण आदेश अध्यक्ष/प्रमुखको हकमा स्वंयले स्वीकृत गर्न सक्ने र सोभन्दा बढी दिनको भ्रमण आदेशको लागि कार्यपालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गर्नुपर्ने उल्लेख छ । नमुना छनोटका आधारमा लेखापरीक्षण गर्दा पालिका अध्यक्षको ३ दिन भन्दा बढि अवधिको देहायका भ्रमण आदेशमा कार्यपालिकाको स्विकृति वेगर भ्रमण गरी खर्च रु.१४६३९९ को भ्रमण अभिलेख समेत नराखेको पाईयो । ऐनमा भएको व्यवस्था विपरितको यस प्रकारको भ्रमण खर्च अनियमित देखिएको रु.

देव कृष्ण पुडासैनी गाउँपालिका अध्यक्ष काठमाण्डौ तथा हेटौडा भ्रमणका केहि उदाहरण		
गो भौ नं	**अवधी**	**भत्तारकम**
१०८।९।५	२०८१।८।११ देखी १७ लगायत ३ वटा	२२०००
६७।८।४	विभिन्न मिति	११८९९
२०४।१०।२८	२०८१।१०।९ देखि १०।२२ सम्म	१७८००
५०४।३।१५	२०८१।११।२१ देखि ११।२७ लगायत ६ वटा	५०७००
५०६।३।१५	२०८२।१।३ देखी ९ सम्म ८ वटा	४४०००
	जम्मा	**१४६३९९**

अनियमित भएको	१,४६,३९९

३५ **विज्ञापन वोर्ड कोष खाता-**

विज्ञापन नियमन गर्ने ऐन २०७६ को दफा २१ को उपदफा २(ख) र विज्ञापन नियमन गर्ने नियमावली २०७७ को नियम ६(क) को उपदफा ३ र ४ बमोजिम तीन प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था रहेको छ । यस वर्ष सुचना प्रकाशन तथा पत्रपत्रिकामा कुल जम्मा रू.११,०१,१३४ को सुचना प्रकाशन खर्च लेखेकोमा यस्तो रकमको भुक्तानीमा उक्त व्यवस्था बमोजिम कोषमा रकम जम्मा गरेको देखिएन । नियममा भएको व्यवस्थाको कार्यान्वियन हुनेगरी विज्ञापन बोर्डको कोष खातामा पठाउनुपर्ने देखिएको रू.

असुल गर्नुपर्ने	३३,०३४

३६ **भुक्तानी सिफारिस तथा फरफारक समिति भत्ता -**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा अनुसूची १ बमोजिमको सुविधा पाउने उल्लेख छ । त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकतम मानि सम्बन्धित सभाले अधिकार क्षेत्र भित्रको आर्थिक स्रोत तथा अधिकार क्षेत्रका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०८१ को दफा ५६ (५) मा सार्वजनिक निकायबाट सञ्चालित तालिम, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रममा अनुगमन भ्रमण टोली खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी मात्र खटाउनु पर्ने र त्यसरी खटाउँदा आवश्यकता, उपयुक्तता

र औचित्यताको आधारमा बढीमा तीन जनाको टोली खटाउनु पर्ने उल्लेख छ ।पालिकाले पालिकास्तरीय योजनाको अनुगमनको लागि पालिकाले राजस्व बाँडफाँड श्रोतवाट व्ययभार पर्ने गरी शीर्षकमा मात्र २३ लाख विनियोजन गरी खर्च गरेको साथै अन्य खर्च अन्य फरक शीर्षकमा समेत खर्च लेखेको पाईयो । पालिकाको आफ्नो कार्य क्षेत्रभित्र सञ्चालित कार्यक्रमको अनुगमन गरी आवश्यक थप निर्देशन दिनु पदाधिकारी तथा कर्मचारीहरुको नियमित कार्यक्षेत्र भित्र पर्ने भएकाले संघीय मापदण्ड प्रतिकुल आफ्नो नियमित कार्यको अनुगमन गरेको जनाई भत्ता भुक्तानी भएको नियमसम्मत नदेखिएको रु.

गो भौ नं	अनुगमनकर्ता संख्या (विभिन्न मितिमा)	योजना	भुक्तानी रकम
८१।१२।२२	प्रमुख प्रशासकीय अधिकृत सहित १५ जना	२३ वटा योजना अनुगमन	१६००००
३८।३।२५	गा पा अध्यक्ष सहित २६ जना	१५ वटा योजना अनुगमन	१५४०००
१७५।३।३	प्रमुख प्रशासकीय अधिकृत सहित १६ जना	१९ वटा योजना अनुगमन	१३२०००
जम्मा			४४६०००

अनियमित भएको	४,४६,०००

३७ **प्रोत्साहन भत्ता -**

ईन्द्रसरोवर गाउँपालिकाको कार्यसञ्चालन कार्यविधि, २०७७ को वुँदा नं १४(१)मा श्रावण महिनाभित्र उपाध्यक्षको संयोजकत्वमा ३ सदस्यीय फिल्ड भत्ता र प्रोत्साहन भत्ता सिफारिस समिति गठन गर्ने र सो समितिको सिफारिसमा कार्यपालिका बैठकले पारित गरेपश्चात् कार्यान्वियन गरिने उल्लेख छ । गाउँपालिकाको मिति २०८२।३।१० को १५ औ अधिवेशनवाट ९२ जना कर्मचारीलाई रु.३४,९३,९१८ उपलव्ध गराएको खर्च समर्थन गरेको पाईयो । कर्मचारी प्रोत्साहन तथा फिल्ड भत्ता सिफारिस समितिको मिति २०८२।२।१ मा बसेको बैठकले कर्मचारीको कार्यसम्पादनको गुणस्तर, कर्तव्य र जिम्मेवारी अनुशासन, कार्यालयमा नियमितता तथा उपस्थिति, गुणस्तरीय सेवा प्रवाह, आन्तरिक नियन्त्रण तथा कानुनको पालना, कार्यसम्पादनको क्रममा आईपर्ने जोखिम, कार्य जिम्मेवारी र सेवाप्रति सेवाग्राहीको सन्तुष्टि लगायतका सूचकहरु निर्धारण गरेकोमा श्रावण देखी असोज बाहेक बैशाख सम्मको २० देखि शत प्रतिशत सम्म प्रोत्साहन भुक्तानी गरेको छ । गो भौ नं ३८३।२।२ वाट २४ जनालाई रु.२६,९७,६११ र (५२६।३।१७) वाट ७९६३०७ भुक्तानी भएको समेत कुल रु.३४,९३,९१८ खर्च भएको छ । यसरी सिफारिस समितिले ८ वटा सुचक तयार गरेकोमा समिति, कार्यपालिका र गाउँसभावाट समर्थन गराएतापनी सूचकअनुसारको सूचकांक र मुल्यांकन बिना यस वर्ष भुक्तानी खर्च भएको प्रोत्साहन भत्ता रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	३४,९३,९१८

३८ **मर्मत प्रकृया पालना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ (५) मा मर्मत गरिने सवारी साधनको दक्ष प्राविधिकबाट लागत अनुमान स्वीकृत गरी नियमावलीको प्रकृया अपनाई मर्मत संम्भार गराउनु पर्ने, मर्मत गराउदा कुनै मालसामान, पार्टपूर्जा वा उपकरण प्रतिस्थापन गर्नुपर्ने भए यस नियमावलीको प्रकृया अपनाई खरिद गर्नुपर्ने र यसरी खरिद गरेको सामानको जिन्सी दाखिला गराई रू. ५००० भन्दा बढी मूल्यका सामानको अभिलेख राखी प्रतिस्थापन गरिएको कुरा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नुपर्ने उल्लेख छ।पालिकाको लागि सवारी साधन मर्मत संभार शीर्षकमा यस वर्ष रू. २३ लाख विनियोजन भएकोमा हलुका सवारी साधन, एक्साभेटर, मोटरसाईकल ,स्कुटर जस्ता सवारी साधन मर्मतको लागि रू.२१,२३,६२४ खर्च गरेको छ ।साधनहरुको मर्मत गर्दा दक्ष प्राविधिकबाट लागत अनुमान स्वीकृत नगराएको, प्रतिस्पर्धा गराई वार्षिक सम्झौता गरी मर्मत गर्न सकिनेमा पनि पटक पटक कोटेशन बाट मर्मत गराएको, प्रतिस्थापन गरेका महत्वपूर्ण सामानको जिन्सी दाखिला नगराएको पाईयो । खरिद कानुनको प्रकृया नअपनाई मर्मत गराउदा खरिदमा मितव्ययिता, दक्षता, पारदर्शिता भएको छ भनी विश्वस्त हुन नसकिएकोले खरिद कानुनको पालना गरी मर्मत कार्य गराउनु पर्दछ। त्यस्तै पालिकामा २ वटा सरकारी गाडी सञ्चालनमा आईरहेकोमा रु.८,९९,२९० थप गाडी भाडा वापत भुक्तानी भएको छ । खर्चमा मितव्ययिता कायम गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

३९ **वडा संचालन खर्च** -

पालिकाले सवै वडाहरुको लागि कार्यक्रम खर्च शीर्षकमा बाहेक संचालन खर्च तर्फ कार्यालय सञ्चालन, विद्युत, पानी, मर्मत, ईन्धन, भ्रमण खर्च, विविध खर्च लगायतका शीर्षकको लागि प्रति वडा एकमुष्ठ रु.३००००० का दरमा जम्मा रु.१५००००० विनियोजन गरेकोमा सोही अनुसार बजेट खर्च भएको छ । यसरी खर्च लेख्दा धेरै जसो सवारी साधन मर्मत र ईन्धन खर्चको कुपन तथा बिजकमा सवारी साधन नम्बर उल्लेख नगरेको, विविध खर्च तर्फ खाजा खानाका बिलसंग बैठकको उपस्थिति माईन्यूट आगन्तुक पुस्तिका र कार्यक्रम सहभागी उपस्थिति आंशिक रुपमा मात्र स्रेस्तामा संलग्न गरेको, विनियोजित रकम खर्चका उपशीर्षक अन्तर्गत खर्च हुनुपर्नेमा आवश्यक्तानुसार खर्च गर्ने गरेको देखियो । शीर्षकगत बजेट विनियोजन गरी अख्तियारी दिने तथा बजेटको सीमा भित्र रहेर खर्च गरी बजेटरी नियन्त्रण कायम हुनुपर्दछ।

४० **अन्य कार्यालयको खर्च** - (१४-2081-07-08):

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले सशस्त्र प्रहरी बल १४ नं गणलाई अन्य कार्यालयको खर्च बजेटमा व्यवस्था नगरी के पि हिमाल ईन्टरप्राईजेजवाट खरिद गरेको फर्निचर तथा फिक्चर्सको रु.१८३३९९ भुक्तानी गरेको खर्च रकम मितव्ययी र प्रभावकारी भएको देखिएन । पालिकामा अन्य निकायको यस्तो प्रकृतिको खर्चले थप व्ययभार बढ्दै जाने हुँदा यस्तो अन्य निकायको खर्च नियन्त्रण गर्ने, खर्च नगरी नहुने अवस्थामा अन्य सम्बन्धित निकायवाट पनि यस्तो बजेट विनियोजन भएकोमा दोहोरो पर्ने लगायतका विषयहरु निरुपण नहुने देखिन्छ । पालिकाले बजेटमा व्यवस्था नगरी अन्य कार्यालयको लागि गरेको खर्च नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,८३,३९९

४१ **वितरणमुखी खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ मा स्वीकृत बजेट खर्च गर्दा नियमितता कार्यदक्षता प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ ।पालिकाले निम्नानुसारका वितरणमुखी कार्यक्रमहरुमा खर्च गर्दा दीर्घकालीन पुँजीवृद्धि हुने कार्यक्रमको कार्यान्वियन हुन सकेको छैन । वितरणमुखी कार्यक्रममा खर्च लेख्दा पटके खरिद हुने र खरिदमा प्रतिस्पर्धा पनि नभएको स्थिति छ । वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च नगरी दिगो कार्यक्रम प्रवर्द्धनमा ध्यान दिनुपर्ने देखिन्छ ।केही उदाहरण निम्न छन्;

कार्यक्रम	वजेट	खर्च	खर्च प्रतिशत
अल्जाइमर्स तथा ज्येष्ठनागरिक सम्मान दिवस/ न्यानो कपडा वितरण तथा खाजा कार्यक्रम	२५०००००	२३८६०२९	९५
धर्मसस्कृतिकलासंस्कारसम्भोट लिपिजनजाती संस्कृती तथा कला संरक्षण र उत्थानकार्यक्रम	८०००००	५०५३५०	६३
गाई भैसीको दुधमा अनुदानप्रतिलिटर रु ३	३०००००	२८६२०९	९५
उपाध्यक्ष पोषण कार्यक्रम (निरन्तर)	८३००००	८१४४०८	९८
महिलासँग उपाध्यक्षकार्यक्रम स्तरोन्नती तथा प्रविधिहस्तान्तरण	५४००००	५३८३४०	१००
आर्थिक सहायतावितरण	५०००००	३१००००	६२

४२ **कृषि तथा पशु अनुदान** -

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि , पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार,

प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकावाट निम्नानुसारको रु.७५ लाख ८३ हजार अनुदानमा खर्च भएको देखिन्छ ।

सि नं	कार्यक्क्रम/क्रियाकलापको नाम	साझेदारसंस्था/ व्यक्ति	विवरण	खर्चरकम रु	कैफियत
गाउँपालिकाको तर्फबाट					
१	रासायनिकमलमा प्रति के.जी. रु २ ढुवानी अनुदान	६ वटा कृषिसहकारी सुंस्था	रासायनिकमल ढुवानी वापत प्रति के.जी. रु २ ढुवानी अनुदान करिव ३००० कृषक घरपरिवारलाईउपवब्ध गराईएको	८०००००	
२	कृषिचून वितरण	४००घरपरिवार	पालिका भित्रका करिब ४०० घरपरिवारलाई माटो परिक्षण पश्चात निशुल्ककृषि चून वितरण	३०००००	
३	कम्पोष्टमलबनाउने प्रविधि सिकाई	७०घरपरिवार	गाउँपालिका भित्रका ७० घरपरिवारलाई कम्पोष्टमल बनाउने प्रविधिसिकाई तथा प्रविधि हस्तान्तरण	१०००००	
४	समुदायमा आधारीत एक वडा एक कृषि उत्पादन कार्यक्रम वडा नं. ४ (प्रदेश सरकार सँग साझेदार)	१ वटा कृषि सहकारी संस्था लिमिटेड	करिब ३०९घरधुरी	१००००००	२० प्रतिशत कृषक २० प्रतिशत गा. पा. र ६० प्रतिशत प्रदेश सरकार
प्रदेश सरकार शसर्त					
१	रैथानेबाली प्रवर्द्धन कार्यक्रम	कृषक समुहसहकारी	करिब ३०० घरधुरीलाई रैथानेबालीको बीउबीजन प्राङ्गारिकमल र कृषिसामाग्रीहरु वितरण	९३८०५०	५० प्रतिशत
२	फलफूल प्रवर्द्धन कार्यक्रम सुनकागती इन्द्रसरोवर --२	कृषक समुहसहकारी	करिब १५० घरधुरीलाई सुनकागतीका विरुवा तथा प्राङ्गारिकमलवितरण	९३१९५०	५० प्रतिशत
संघीय सरकार शसर्त					
१	आ.ब.२०८१/ ०८२ मा नँया च्याउ पकेट विकास कार्यक्रम सञ्चालन	१ वटाविध्यालय	सम्झौता अनुसार च्याउखेतिको लागि टनेल निर्माण तथा मर्मत गरि च्याउउत्पादन गरेको	४३२६२३	५० प्रतिशत
		जम्मा		**४५०२६२३**	
	पशु विकासशाखा तर्फको				
सि.नं.	**कार्यक्रम / क्रियाकलापको नाम**	**साझेदारसंस्था/ व्यक्ति**	**विवरण**	**खर्च रकमरु.**	**कैफियत**
	गाउँपालिकोतर्फबाट				
१	७०% ब्याजनिरनतरता कार्यक्रम	३१ जनाव्यक्ति	३१ वटा घरधुरीमा ७०% ब्याज निरनतरता कार्यक्रम गरियो	१२०००००	
२	कृत्रिमगर्भाधान निशुल्क सेवा	कृषकपरिवार	करिब ११७ वटा गाई र ७१ वटा भैसि गरेर १८८ वटा निशुल्क कृत्रिमगर्भाधान सेवा उपलब्ध गरियो	४०००००	
३	गाई भैसिकोदुधमा अनुदान प्रतिलिटर रु.३	सहकारी-१	५१ जना व्यक्तिलाई ९४९९६लि. दुधमा रु.३।- को दरले अनुदान दिइयो	३०००००	
	प्रदेशसरकार शसर्त				

१	पशुपन्छीगोठ सुधार कार्यक्रम	७ जनाव्यक्ति	४ वटा गोठ सुधार र ३ वटा गोठ निर्माण गरेर जम्मस ७ वटा गोठ सुधारतथा निर्माण गरियो	१००००००	
	संघियसरकार शसर्त				
१	कृत्रिमगर्भाधान मिसन कार्यक्रम	कृषकपरिवार	करिब ११७ वटा गाई र ७१ वटा भैसि गरेर १८८ वटा निशुल्क कृत्रिमगर्भाधान सेवा उपलब्ध गरियो	१८००००	
			जम्मा	**३०८००००**	
			कृषि तथा पशु कार्यक्रम कुल जम्मा	**७५८२६२३**	

अनुदान वितरणमा अनुदानग्राही छनौटका आधारहरू के के हुन र के कसरी मूल्यांकन भई छनौट भएको हो सो खुल्ने छनौटको स्पष्ट आधार नतोकी कतिपय अनुदान कार्यपालिकाबाट सोझै फर्मको नाम खुलाएरै निर्णय समेत गरेको पाइयो । विगत वर्षहरुमा समेत यस्ता कार्यक्रम रहेकोमा को को व्यक्तिलाई कति वितरण गरिएको थियो, यसको कुनै विवरण अद्यावधिक नगरेको, यस्तै प्रकारको अनुदान प्रदेश र संघीय सरकारबाट समेत वितरण गर्ने गरेकोले दोहोरो पर्न जाने पनि देखिन्छ । पालिकाले वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धि मापन गरेको छैन र अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको पाइएन । पालिकाले अनुगमनलाई प्रभावकारी बनाई संघ प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदान ग्राही छनौटको स्पष्ट आधार र मापदण्ड तयार गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ र यस्ता खर्चका पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकीकरण गर्नु गराउनु पर्दछ । लक्षित वर्ग एवं कार्यक्रमका लागि जाने रकमको यस्ता अनुदान उत्पादनको आधारमा वितरण गर्ने मोडेल अवलम्बन गरी लाभ लागत समेतका आधारमा अनुदानलाई थप उपलब्धि मुलक वनाउने, वितरणमुखी भन्दा उत्पादनमा आधारित अनुदानलाई प्राथमिकता दिई अनुदान वितरणका नविनतम मोडेलको कार्यान्वयन गरी रोजगारी सिर्जनाका क्षेत्रमा अनुदान वितरणलाई व्यवस्थित वनाउनु पर्दछ ।

४३ **हस्तान्तरण तथा दाखिला** - (२०७-2082-03-11):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकमको भुक्तानीमा रीत पुगे नपुगेको जाँच गरी सक्कल बिल भरपाई संलग्न गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । त्यस्तै पालिकाले स्वास्थ्य संस्थाहरुमा सर्जिकल तथा फर्निचरजन्य सामान कार्यक्रम अन्तगत निम्नानुसार सामान १५ किसिमका ७० थान रू.६००१२१ मा खरिद गरेको पाइयो । सम्बन्धित संस्थाहरुलाई बुझाएको सामान बुझिलिने स्वास्थ्य संस्थाहरुले आफ्नो जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पालिकामा पेश गरेको नदेखिएकोले सम्बन्धित संस्थाहरुले आफ्नो जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश हुनु पर्ने रु.६००१२१

सि नं	सामानको नाम	परिमाण	मुल्य
१	Steel wardrobe	४	१३२२१०
२	digital weigh machine(p)	७	३३६४१.२३
३	digital weigh machine(c)	७	३६६७८.६७
४	dispensary rack	६	९८३१०
५	nebulizer machine	५	२६१५९.५
६	dopper set	६	३१४५९.२०
७	waiting bed	३	७९६६५
८	oxygen regulator	४	१७२८९
९	puto clave	१	१७५००
१०	E . suction machine	१	३२३५४.१६
११	surgical seizer	८	२२६०
१२	I v stand	१	४४५४.४६
१३	Door cloth	१०	१०७३५
१४	trally for delivery room	१	२६५५५
१५	ENT set	६	५०८५०
जम्मा			६००१२१

प्रमाण पेश नगरेको	६,००,१२१

४४ **लेखापरीक्षण:** (४९-2081-10-23):

शिक्षा तथा मानवश्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१/८२ को क्रियाकलाप नं. २.७.१३.१० को उपक्रियाकलाप ५.४ बमोजिम आधारभूत तथा माध्यामिक तह सञ्चालित विद्यालयहरुलाई सामाजिक परीक्षण ,आर्थिक लेखा परीक्षण, बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप सञ्चालन गर्नका लागि तोकिए बमोजिमको एकमुष्ट अनुदान उपलब्ध गराउने साथै सो कार्य नगराउने विद्यालयलाई यस क्रियाकलाप बापतको रकम उपलब्ध नगराउने व्यवस्था रहेको छ ।पालिकाले निम्नानुसारका विद्यालयलाई सो कार्यका लागि अनुदान रकम उपलब्ध गराएकोमा आर्थिक लेखापरीक्षणको विवरण पेश नगरेकोले सो को प्रमाण पेश गर्नुपर्ने रू. ३७०००

क्र.स.	विद्यालयको नाम	भुक्तानी रकम
१	श्रीबालतीर्थ आ.वि.	१००००।-
२	श्री वत्सलादेवी मा वि	१५०००।-
३.	श्री रामचन्द्र भञ्ज्याङ आ वि	१२०००।-
	जम्मा	३७०००

प्रमाण पेश नगरेको	३७,०००

४५ **शैक्षिक गुणस्तर:**

पालिकाको शिक्षा शाखाबाट प्राप्त विवरण अनुसार यस पालिका अन्तर्गत २०८१ सालको एस.ई.ई. परीक्षामा सहभागी विद्यार्थीमध्ये नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलनात्मक विवरण देहायअनुसार छ ।

एस.ई.ई. परीक्षामा सहभागी जम्मा विद्यार्थी संख्या		**उत्तीर्ण विद्यार्थी सख्या**		**उत्तीर्ण प्रतिशत**		**जी.पी.ए.को अवस्था**		
संस्थागत	सामुदायिक	संस्थागत	सामुदायिक	संस्थागत	सामुदायिक	जी.पी.ए.	संस्थागत	सामुदायिक
0	१०५	0	७३	0	६९.५२	अभिलेख नराखेको		

संस्थागत विद्यालय नरहेको र सामुदायिक विद्यालयमा एस.ई.ई. परीक्षा सहभागी मध्ये ६९.५२ प्रतिशत मात्र उत्तिर्ण रहेको पाईयो । शैक्षिक गुणस्तरमा थप अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

४६ **छात्रवृत्ति वितरणको भरपाई:** (७३-2081-12-08):

शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं ७.२.१.१ मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या एकिन गरी छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले EMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा विद्यालयहरुमा रु.२६७००००।- निकासा गरेकोमा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन। साथै तपशिलका विद्यालयले छात्रवृत्ति वितरण गरेको भर्पाई पेश नभएकोले पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ र विद्यालयले छात्रवृत्ति वितरणको भरपाई पालिकामा पेश गर्नुपर्ने रु.७८०००।-

सि नं	विद्यालयको नाम	निकासा रु.
१	श्री बालतिर्थ आ.वि.	८४०० ।-
२	श्री महाचुनी मा.वि.	१३४०० ।-
३	श्री सिँहभैरव आ.वि.	८००० ।-
४	श्री मन्जुश्रीजन आ.वि.	६००० ।-
५	श्री वत्सलादेवी मा.वि.	३१००० ।-
६	श्री सरस्वती बालबोधिनी मा.वि.	११२००।-
		७८०००।-

प्रमाण पेश नगरेको	७८,०००

४७ **छात्रवृत्ति:** (७३-2081-12-08):

शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं ७.२.१.१ मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या एकिन गरी छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले पञ्चकन्या माध्यमिक विद्यालयलाई छात्रा छात्रवृत्ति अनुदान रु.४०० को दरले कुल रु.२५६००।- र अपाङ्ग छात्रवृत्ति रु.१६००० समेत रु.४१६००।- भुक्तानी गरेकोमा रु.२४०००को र अपाङ्ग छात्रवृत्तिको रु.१२००० समेत ३६०००।- भरपाई भएको देखियो । विद्यार्थीको भरपाईभन्दा बढी हुने गरी छात्रा अनुदान र अपाङ्ग छात्रवृत्ति अनुदानमा खर्च लेखेको रकम रु. ५६००।- सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	५,६००

४८ **बाल विकास सहजकर्ता:**

प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०७५ को प्रथम संशोधन २०७७ बमोजिम न्यूनतम २५ जना सम्म विद्यार्थी संख्या भएकोमा १ जना र २५ जना भन्दा बढी भएमा थप बाल विकास सहयोगी कार्यकर्ता राख्न पाउने र प्रत्येक

विद्यालयमा १ जनामात्र कार्यालय सहयोगी राख्न सकिने व्यवस्था छ ।तर, पालिका अन्तर्गत सञ्चालित देहायका विद्यालय बालविकास केन्द्रहरुमा २५ जना भन्दा कम विद्यार्थी रहेका विद्यालयहरुमा पनि २ जना बाल विकास सहजकर्ता राखी संघ सशर्तबाट र पालिका समेतबाट रु. २००००।- का दरले भुक्तानी भएको रकम नियम सम्मत नदेखिएको रु.२४३००००

विद्यालय	विद्यार्थि संख्या	कार्यरत वाल विकास शिक्षक	राख्न मिल्ने वाल विकास शिक्षक	बढी बाल विकास शिक्षक	प्रति वाल विकास शिक्षक खर्च वार्षिक	बढी व्ययभार (१२०००+८०००)
पञ्चकन्या मा वि कुलेखानी	२९	५	२	३	२७००००	८१००००
कालिदेवी मा वि चखेल	१८	२	१	१	२७००००	२७००००
महाचुनी मा वि खड्वु	२४	२	१	१	२७००००	२७००००
भैरव आ वि काप्राङ्ग	२०	२	१	१	२७००००	२७००००
बालकुमारी आ वी	०	१	१	१	२७००००	२७००००
रामचन्द्र भञ्याङ्ग आ वी	३	२	१	१	२७००००	२७००००
मञ्जुश्री जनश्रम आ वि	७	२	१	१	२७००००	२७००००
						२४३००००

अनियमित भएको	२४,३०,०००

४९ **दिवा खाजा:**

शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को २.७.८ को क्रियाकलाप नं २.७.११.१(ज) मा विद्यालय सञ्चालन हुनासाथ दिवा खाजा व्यवस्थापन गर्नुपर्ने भएकाले आर्थिक वर्षको शुरुमै IEMIS मा समावेश भई सत्यापन भएको विद्यार्थी सङ्ख्याको आधारमा प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्मको विद्यार्थी संख्यालाई आधार मानेर १८० दिनका लागि दैनिक रू.१५का दरले स्थानीय तहले विद्यालयलाई निकासा दिने व्यवस्था छ।पालिकाले ७० वटा विद्यालयलाई भौचर नं ६/०८१/६/१५, ३०/०८१/९/८ ८६ /०८२/१२/१५, ५०४/०८२/३/२१ बाट जम्मा रू.३३६०३३५५।- निकासा दिएकोमा तपशिलका विद्यालयमा १८० दिन भन्दा बढी दिनको दिवा खाजा वापत निकासा भएको देखियो।स्वीकृत नर्म्स भन्दा बढी निकासा रू. ६१९०५।- असुल गर्नुपर्ने

विद्यालयको नाम	विद्यार्थी संख्या(२०८१ सालको)	जम्मा निकासा रकम	विद्यार्थी संख्याको आधारमा जम्मा १८० दिनको निकासा हुनुपर्ने रकम	बढी निकासा
श्री भैरव आ.वि.,१	६४	२०८६५०	१७२८००	३५८५०
श्री रामचन्द्र भञ्याङ आ.वि.,१९	२५	७७२२०	६७५००	९७२०
श्री शक्तिश्वरी आ.वि	३५	९६९६०	९४५००	२४६०
श्री चन्द्र आ.वि.	५४	१५९६७५	१४५८००	१३८७५
				६१९०५

असुल गर्नुपर्ने	६१,९०५

५० **प्रति विद्यार्थी लागत:**

गाउँपालिकाले सामाजिक सेवा तर्फ गरेका अल्पकालीन लगानी, दीर्घकालीन लगानीलाई लागत लाभ मापन हुने गरी लगानीको सुनिश्चितता गर्नु पर्दछ । पालिकास्तर, प्रदेश तथा संघीय तहका सरकारबाट विद्यालयको संचालन व्यवस्थापनका लागि गाउँपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा गएको निकासा तथा विद्यार्थी अनुपातमा निकालेको प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

बजेट विवरण	बजेट रकम	खर्च रकम	विद्यार्थी संख्या सामुदायिक	प्रति विद्यार्थी लागत
संघीय सरकार सशर्त	९१३२५०००	८६६५३३२६	२२१०	४९२१६
प्रदेश सरकार	११३६०००	१११२२२५		
गाउँपालिका	२४४१९०००	२१००१४८०		
	११६८८००००	१०८७६७०३१		

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको बाल विकास देखि कक्षा १२ सम्म प्रति विद्यार्थी लागत रू.४९२१६ रहेको देखिन्छ । विद्यार्थीमा भएको लगानीको प्रतिफल क्लास आउट भएपछि मात्र देखिने हुँदा लगानीका आधारमा विद्यार्थी उतीर्ण हुने गरी गुणस्तरीय शिक्षाका लागि शिक्षण विधि प्रक्रियालाई परिमार्जन गरी उत्कृष्ट नतिजा ल्याउने गरी पठनपाठनलाई व्यवस्थित, व्यवहारिक, सीपयुक्त बनाउने तर्फ लगानीलाई केन्द्रित गर्नुपर्दछ ।

५१ **स्वयंसेवक शिक्षक:**

संघ तथा प्रदेश सरकारको स्रोतबाट शिक्षकहरुको तलब भुक्तानी भइसकेको अवस्थामा पालिकाले आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी आ.व. २०८१।८२ मा कार्यपालिकाको निर्णय मार्फत पालिका अन्तर्गतका ७ वटा सामुदायिक विद्यालयहरुमा आधारभूत तहमा जम्मा ११ जना शिक्षकलाई करार सम्झौता गराइ स्वयंसेवक शिक्षकका रुपमा पदस्थापन गरेको छ । यस आ.व. मा ११ जना स्वयंसेवक शिक्षकको तलबमा कुल रु. २६२०७४७.९६ खर्च लेखेकोले पालिकालाइ थप व्ययभार पर्न गएको छ । पालिकाले विद्यालयहरुको शिक्षक दरबन्दी र पदपूर्ति को अवस्था यकिन गरी विषयगत शिक्षक र आवश्यकता समेतलाई ख्याल राख्नुपर्ने देखिन्छ ।

५२ **शिक्षक दरबन्दी र पदपूर्ति:**

शिक्षक सेवा नियमावली, २०५७ को नियम (८) मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका सामुदायिक विद्यालयको रिक्त शिक्षक दरबन्दीको विवरण प्रत्येक वर्षको जेठ मसान्तसम्म सम्बन्धित जिल्लास्थित शिक्षा विकास तथा समन्वय ईकाई पठाउनु पर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

विद्यालयको नाम	दरवन्दी	पदपुर्ती	पदपुर्तिमध्ये करार	विद्यार्थीसंख्या
जम्मा विद्यालय संख्या २१	११५	११५	४३	२२१०

पालिका अन्तर्गत २१ विद्यालयमा ११५ दरबन्दी रहेकोमा सवै पदपूर्ति रहेकोमा ४३ जना करारमा रहेकोले ४३ स्थायी पद रिक्त रहेको देखिन्छ । विभिन्न २१ विद्यालयमा जम्मा विद्यार्थी संख्या २२१० रहेको र औसत १९.२२ शिक्षक विद्यार्थी अनुपात रहेको देखिन्छ ।

५३ **औषधि खरिद:** (८४,१३२-):

पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ । आपूर्ति हुने औषधिमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनुपर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनु पर्दछ। पालिकाले रू.११९२२२३।- को कुल ६० प्रकारका औषधि र उपकरण खरिद गरेकोमा औषधि खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

५४ **रोजगार रणनीति निर्माण:** (१४१-2082-03-15):

स्थानीय तहको रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन,२०८० का बुँदा ४ मा रणनीति तयार गर्दा स्थानीय निकायले ध्यान दिनुपर्ने विषयहरुको व्यवस्था छ।त्यस्तै बुँदा नं.१३.१मा रणनीति कार्यान्यिवनको लागि अनुसूची ४ बमोजिमको नतिजा खाका तयार गरी १३.२ बमोजिम रणनीति कार्यान्वयनको लागि कार्ययोजना तय गर्नुपर्ने व्यवस्था छ।बुँदा नं १४ मा उक्त रणनीति योजना कार्यान्वियन गर्ने गरी स्थानीय तहको सभाको व्यवस्थापन सम्बन्धी कार्यविधिले तोके बमोजिम विधेयकको रुपमा गाउँ सभामा पेश गरी निर्णय गर्नुपर्ने व्यवस्था छ।पालिकाले स्थानीय तहको रोजगार रणनीति तर्जुमा गर्न रोजगार संयोजक नानीमाया घलानलाई पेश्की फर्छयौट समेत जम्मा रु.१०००००।० भुक्तानी भएकोमा लेखापरीक्षण क्रममा उक्त रणनीति तयार भएको तथा गाउँ सभाबाट निर्णय भएको देखिएन। मार्गदर्शनले तोके बमोजिमको सर्वेक्षण फारम प्रयोग गरी तथ्यांक संकलन गरी विश्लेषणात्मक विवरण उल्लेख गर्नुपर्ने उल्लेख भएकोमा तोकेबमोजिमको नतिजा खाका तथा कार्ययोजना तय नगरी विषय विज्ञ कुमारी गुडिया साहलाई रु.४००००।- भुक्तानी गरेको, रोजगार संयोजक नानीमाया घलानले स्थानीय कार्यसंचालन कार्यविधि अनुसार मासिक रु.१०००को दरले संचार लिने गरेकोमा यस कार्यक्रम बाट समेत रु.८०००।- संचार खर्च भुक्तानी लिएको, रणनीति योजना तयार नहुँदा पनि रु.११५००।– ले-आउट तथा ५ प्रति कलर प्रिन्टिङको भुक्तानी लिएको (लेखापरीक्षण क्रममा ५ प्रति पेश नभएको तथा जिन्सी समेत दाखिला नभएको) देखियो। रणनीति निर्माण जस्तो महत्वपूर्ण र दीर्घकालीन प्रभाव पार्ने कार्य गर्दा मार्गदर्शनले निर्दिष्ट गरे बमोजिमको तथ्यांक विश्लेषण तथा कार्ययोजना तयार नगरी भुक्तानी भएको देखिएकोले उक्त रकम रु.१०००००।- असुल गर्नुपर्ने

असुल गर्नुपर्ने	१,००,०००

५५ **विपद् व्यवस्थापनः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकमको भुक्तानी गर्दा रीत पुगे नपुगेको जाँच गरी सक्कल बिल भरपाईका साथ लेखा राख्नुपर्ने व्यवस्था छ। विपद् व्यवस्थापन समितिको मिति २०८१।६।१७ को निर्णय ६

मा अवरुद्ध सडक सुचारु गर्न तथा मर्मत सरसफाई गर्न विभिन्न निकायहरुबाट गरिएको काममा दोहोरोपन नहुने गरी २००।२०० लि. इन्धनको बिल बमोजिम भुक्तानी दिने निर्णय भएको छ। पालिकाले देहाय अनुसार वर्षात जन्य विपदबाट क्षतिग्रस्त बाटो सरसफाई प्रयोजनका लागि इन्धन वापत भुक्तानी गर्दा इन्धन प्रयोग भएको सवारी साधन, हेभी इक्विपमेन्ट (ब्याक हो लोडर,एक्साभेटर आदि) चलेको भए चलाएको समय, स्थानको (चेनेज) र भएको कामको परिमाणको नापजाँचको प्राविधिक प्रतिवेदनका आधारमा भुक्तानी दिनुपर्नेमा आयल सेन्टरको बिल मात्रको आधारमा भुक्तानी भएको देखियो। पालिकाले उपरोक्त विवरण बेगर रु. ३७७००८ भुक्तानी दिएकोमा समय चेनेज र परिमाण खुल्ने गरी नापजाँचको प्राविधिक प्रतिवेदन संलग्न गरी नियमित गर्नुपर्ने रु.

भौचर नं र मिति	इन्धन परिमाण	फर्मको नाम	रकम	कैफियत
५	१२००लि	वास्ताकोटी आयल सेन्टर	१७९९९९	वडा ३ को सिफारिश पत्र र बिल बाहेक कुनै विवरण छैन जस्तै प्राविधिक विल, कार्यस्थल,लगबुक आदि
६	१३२० लि	ओम आयल सप्लायर्स	१९७००९	विल बाहेक केही छैन
			३७७००८	

प्रमाण पेश नगरेको	३,७७,००८

५६ **धरौटी फिर्ता:**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६(१) कार्यालयमा जम्मा गरेको धरौटी नियम ६५ वमोजिम राजश्व दाखिला नहुने भएमा त्यस्तो धरौटी रकम सम्बन्धित व्यक्तिले फिर्ता पाउने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ (२) क (१) मा निर्माण कार्यको कम्तीमा ८० प्रतिशत काम सम्पन्न गरेको, काम सन्तोषजनक भएको र निर्धारित समयमा सम्पन्न हुने सुनिश्चित भएमा रिटेन्सन मनि वापत बैंक जमानत पेश गरी रिटेन्सन मनी फिर्ता मागेमा त्यस्तो रिटेन्सन मनी फिर्ता दिन सक्ने उल्लेख छ । पालिकाले निम्नानुसारका निर्माण व्यवसायीको धरौटी फिर्ता दिँदा सम्बन्धित फर्म वा व्यवसायीले कर कार्यालयमा आय विवरण समेत पेश गरेको प्रमाण पेश नभएकोले उल्लेखित कर चुक्ता प्रमाण पत्र र मूल्य अभिवृद्धि समायोजन पत्र पेश हुनुपर्ने रु.

भौ नं	**मिति**	**फर्म / निर्माण व्यावसायी**	**फिर्ता रकम**	**ग्यारेन्टी दिने बैंक र मिति**
५	२०८१।७।८	एक्स निर्माण सेवा तथा सप्लायर्स प्रा.लि	३९३८७०	कृषि विकास बैंक लिमिटेड २०२४।१०।१५
१३	२०८१।९।२३	अमिरा कन्सट्रक्सन प्रा ली	७५२४२६	कुमारी बैंक , २०२४।९।३
जम्मा			**११४६२९६**	

प्रमाण पेश नगरेको	११,४६,२९६

५७ **पेश्की बाँकी-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३(५) अनुसार खरिद सम्झौता बमोजिम पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । सोही नियमावलीको नियम ५१ मा सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फर्स्योटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक दश प्रतिशतको दरले ब्याज समेत लगाई असुल गरिने उल्लेख छ । पालिकाबाट प्राप्त विवरण अनुसार हालसम्म रु.७७१८१७२ पेश्की बाँकी रहेकोमा सबै पेश्की म्याद नाघेको देखिन्छ । विगत वर्षको समेत म्याद नाघेको पेश्की बाँकी पेश्की तोकिएको अवधिभित्र फर्स्योट हुन बाँकी पेश्की असुल फर्छयौट हुनुपर्ने रु.

पेश्की लिने	पेश्कि				
	प्रयोजन	म्याद नाघेको	म्याद ननाघेको	जम्मा	पेश्की लगेको मिति
उमा – मनकामना – आर.वि. जे.भी. (इन्द्रसरोबर गाउँपालिका, भवन निर्माण)	आवासीय भवन निर्माण/ खरिद	५३४१७८४	०	५३४१७८४	२०८१/ ०६/ ०७
नेपाल विध्युत प्राधिकरण, पालुङ वितरण केन्द्र	बहुआयामीक बृहत लिफ्टीङ्ग खानेपानी योजना पुरण्डी	९७६९९२		९७६९९२	२०८१/ १२/ २८
प्रदेश लेखा इकाई कार्यालय	संघिय तथा प्रदेश समपुरक योजना	६९९३९६		६९९३९६	२०८२/ ०१/ २५
प्रदेश लेखा इकाई कार्यालय	समुदायमा आधारीत एक वडा एक कृषि उत्पादन कार्यक्रम वडा नं. ४ (प्रदेश सरकार सँग साझेदार)	४०००००		४०००००	२०८२/ ०१/ २५
रसकटर ट्रेडिङ्ग	इन्धन खर्च - प्रकोप व्यवस्थापन	१५००००		१५००००	२०८१/ ०६/ १७
रसकटर ट्रेडिङ्ग	इन्धन खर्च - प्रकोप व्यवस्थापन	१५००००		१५००००	२०८१/ ०६/ १८
	जम्मा	**७७१८१७२**	**०**	**७७१८१७२**	

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **८४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	७७,१८,१७२

५८ **कोटेशनवाट खरिद-**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५ मा रु.१० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ । कार्यालयले ऐनले तोकेको विधि प्रक्रिया पुर्याएर खरिद कार्य मितव्ययी एवं प्रतिस्पर्धात्मक विधिवाट सम्पादन गर्नुपर्दछ । पालिकाले मसलन्द तथा कार्यालय सामाग्रीको लागि पालिका कार्यालयमा मात्र ३५ लाख बजेट विनियोजन गरी रु. ३४०७५२४।- खर्च गरेको र वडा कार्यालयलको लागि प्रति वडा ३ लाख विनियोजन गरी जम्मा १५ लाख समेत जम्मा ४९०७५२४ खर्च गरेको छ । खरिद गरेकोमध्ये सम्पूर्ण पटके कोटेशनवाट खरिद गरेको देखिन्छ ।पालिकाले खरिद कार्य गर्दा सार्वजनिक खरिद नियमावली बमोजिम खरिदमा प्रतिस्पर्धा रहने गरी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्दछ । कोटेशनवाट खरिद भएका केही उदाहरण निम्न छन् ।

गो भौ नं	फर्म	रकम
१०५।९।३	NEW DHANESHWOR SUPPLIERS	४८९५७२
३५।६।२०	NEW HIMALYAN ENTERPRISES	५३०६७६
४६।७।७	INDRENI TRED LINK	३८९३६९
१९५।१०।२२	K P HIMAL ENTERPRISES	३९४९४६
४४३।३।२	NEW UNIVERSAL ENTERPRISES	४०६१२२
५००।३।१३	SAMBRIDDHI SUPPLIERS	३२५९०२
५६३।३।२३	SAMBRIDDHI SUPPLIERS	२८१८९८
	जम्मा	२८,१८,४८५

५९ **कर दाखिला** - (९६-2082-01-12):

आयकर ऐन २०५८ को दफा ८८ अनुसार श्रोतमा कर कट्टा गर्नुपर्ने उल्लेख छ । खड्वु बृहत खानेपानी योजना ठेक्का नं २।०७९।८० को निर्माण व्यवसायी ह्युल्सा निर्माण सेवाले पेश गरेको अन्तिम बिल वापतको रु.२८९१०५६ भुक्तानीमा रु.२९००१० कर कट्टा नगरी भुक्तानी गरेको देखियो । उक्त योजनाको सम्झौता २०८०।१।२ मा रु.३२०६५८३ को लागतमा २०८०।३।१५ सम्म सम्पन्न गर्ने गरी सम्झौता भएकोमा यस वर्ष भुक्तानी बाँकीको भुक्तानी गर्दा नियममा भएको व्यवस्था अनुसार कर कट्टा गरी दाखिला नगरेको निर्माण व्यवसायी ह्युल्सा निर्माण सेवावाट असुल भएको कर रकम दाखिला हुनुपर्ने रु.

असुल गर्नुपर्ने	२,९०,०१०

६० **म्याद थप**-

६०.१ **कारण विश्लेषण नगरी म्याद थप** -मञ्जश्री आ वि भवन निर्माणको निर्माण व्यवसायी एलेन निर्माण सेवासँग मिति २०८१।८।२४ मा २०८२।१।३१ सम्म सम्पन्न गर्ने गरी रु.४३३६५४६ को सम्झौता भएकोमा सडक निर्माण भैरहेको र सामान ढुवानी गर्न कठिनाई रहेको कारण जनाइ म्याद थप माग गरेकोमा सो को वास्तविक विश्लेषण नै नगरी प्रमुख प्रशासकीय अधिकृतवाट मिति २०८२।१।१७ मा रकम अभाव र जनशक्ति अभावका कारण म्याद थप मागेको कारण जनाई कार्यसम्पादन जमानतको अवधि समेत थप नगरी मिति २०८२।२।२५ सम्म म्याद थप भएको छ । म्याद थप हुनुपूर्व निर्माण व्यवसायीले पेश गरेको म्याद थप हुनुपर्ने कारण खुलाएकोमा सो भन्दा फरक कारण जनाइ म्याद थप गर्न कर्मचारी जिम्मेवार हुनुपर्दछ।

६०.२ **बजेटको सुनिश्चितता बेगर म्याद थप** -आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८० मा कार्यान्वयन गर्ने निकाय र जिम्मेवारी सम्बन्धमा व्यवस्था गरेको छ । पालिकाले निम्नानुसारका ठेक्का कार्यान्विन गरेकोमा सम्झौता अनुसारको काम लेखापरीक्षण अवधिसम्म पनि सम्पन्न नभएकोमा चालु आ व २०८२।०८३ मा बजेट समेत विनियोजन नभएको पाईयो । यसरी बहुवर्षे योजना मापदण्ड अनुसार कार्यान्वयन नभई अलपत्र अवस्थामा रहेको नियमसम्मत देखिएन । निर्माण व्यवसायीले सम्झौताको अवधि अनुसारमा सम्पन्न गर्न नसकेको अवस्थामा पूर्वनिर्धारित क्षतिपुर्ति नलिई, बजेटको व्यवस्था सम्बन्धमा यकिन नगरी म्याद थप गर्ने पदाधिकारी जिम्मेवार हुनुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ६०.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६१ **बत्ती जडान र मर्मत**- (२७५-2082-03-24):

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने र उपदफा २(१) बमोजिम कार्यको प्राविधिक पक्ष तथा गुणस्तर यकिन गर्नुपर्दछ । वडा कार्यालय अन्तर्गत खरिद भएका विद्युत सामाग्रीहरु खरिद तथा जडान गर्दा न्यूनतम वारेन्टी पिरियड कायम नगरी खरिद गरेको पाइयो। वडा कार्यालयबाट यस विभिन्न स्थानका सडक बत्ती एवं सि सि क्यामोरा मर्मत वापत समेत खर्च लेखेको देखिन्छ । विद्युतको सामाग्री जस्तै हाडमास्ट लाईट / फ्लोड लाइटको हकमा न्यूनतम ५ वर्ष अर्थात ४३८०० चक्रिय घण्टा (Cycle hour) को वारेन्टी हुने र अन्य वैकल्पिक उर्जा र सडक बत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । उज्यालो इन्द्रसरोवरको लागि सडक बत्ती कार्यक्रमको लागि ५ लाख बजेट विनियोजन गरी कालिका सप्लायर्सलाई निम्नानुसारका विद्युतीय उपकरण खरिद वापत ४,९२,७०० भुक्तानी दिएको देखिन्छ । उक्त सामानको वारेन्टी अभिलेख तथा सोको मर्मत सम्बन्धमा पुन: दोहोरो भुक्तानी हुन सक्ने देखिएकोले सम्बन्धित कर्मचारी जिम्मेवार हुनुपर्दछ ।

सि नं	सामानको नाम	परिमाण
१	Solar pv mod uv 200wp	५ सेट
२	Charge controller 15ah	५ सेट
३	Life pou battery	५ सेट
४	Gmtr galvonised pole	५ सेट
५	Led light 40 watt	५ सेट
६	Inter connecting wire	५ सेट

६२ **बीमा नगराएको -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुले बीस लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य गर्दा निर्माण सामाग्री मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च बीमा गराउनु पर्ने उल्लेख छ । निर्माण व्यवसायीले २० लाख माथि ठेक्काको बीमा गरेको भएपनि ठेक्का म्याद थप पश्चात मर्मत अवधि कभर गर्ने गरी बढी अवधि थप नगरेको र उपभोक्ता समितिहरुले बीमा गरेको देखिएन । सम्भावित जोखिम बहन गर्न नियमको व्यवस्था अनुसार ठेक्काको मर्मत अवधि कभर गर्नेगरी ठेक्काको म्याद थपसँगै बीमाको म्याद थप्नु पर्ने र उपभोक्ता समितिहरुले बीस लाखभन्दा माथिको कार्यको बीमा गराउनु पर्दछ । केही उदाहरण देहाय बमोजिम रहेका छन्ः

योजना	**लागत अनुमान तथा सम्झौता रकम**
साउनेडोल जैसी ओडार पर्यटन पैदल मार्ग निर्माण	३३२०६०५९
खानिखेत बस्ती संरक्षणको लागि सुकौरा खोलामातटबन्ध योजना इन्द्रसरोवर-2	३८६३८८७
बज्रमाठ सिकारीगाउँ सडक	३३१२३६०
कालिका मावि फाखेलचौर छापडाँडा लक्ष्मीखोलासडक	३३०१६८९
सानुटार ठुलटार खानेपानी योजना इन्द्रसरोवर-3	३०४६७५२
इन्द्रसरोवर तालमा ध्यान केन्द्र शिव,बुद्ध इन्द्रधनुष लगायत पूर्वाधार निर्माण	२७९२६९८
विपदबाट क्षति भएका पुर्वाधारहरुको पुन निर्माण	२२०२६१२
बत्सलादेवी जाने बाटो तारबार र ज्यामिरेप्रतिक्षालय मर्मत	२१९०४५२

निम्नानुसारका ठेक्का मार्फत् निर्माण व्यवसायीवाट कार्यान्वियन भएका योजनामा बीमाको प्रावधान र रकम समेतको व्यवस्था गरेकोमा समेत बीमा नगराइ भुक्तानी भएको अनियमित देखिएको छ ।

योजना	निर्माण व्यवसायी	सम्झौता	कैफियत
मञ्जुश्री आ वि भवन निर्माण	एलेन निर्माण सेवा	४३३६५४६	-
ज्यामिरे गोगने भालुखर्क गैयाडाडा सडक	कुन्ति निर्माण सेवा	१३५६६७२१	७० प्रतिशत सम्पन्न

६३ कार्यसम्पादन जमानतको अवधि थप नभएको -

सार्वजनिक खरिद ऐनको दफा २७ को उपदफा (३) बमोजिमको म्याद भित्र वाणिज्य बैंकबाट जारी भएको कार्यसम्पादन जमानत पेश गर्नु पर्ने उल्लेख छ । पालिकाले निम्नानुसारका योजनामा म्याद थप गरेकोमा निर्माण व्यवसायीवाट कार्यसम्पादन जमानतको म्याद थप गरेको प्रमाण संलग्न गरेको छैन । नियममा भएको व्यवस्थाअनुसार कार्यसम्पादन जमानतको अवधि थप गर्नुपर्ने देखिएको रु.

योजना	ठेकेदार	सम्झौता मिति	सम्झौता रकम	सक्नुपर्ने	कार्यसम्पादन जमानत रकम	कैफियत
मञ्जुश्री आ वि भवन	एलेन निर्माण सेवा	०८१।८।२४	४३३६५४६	०८२।२।२५	८०५०००	२०८३।२।३१ सम्म मात्र कार्यसम्पादन जमानत पेश भएकोमा २०८३।३।२५ सम्मको हुनुपर्ने
सानुटार ठुल्टार सडक	एरोन गुरु सिपाली जे भि	०८१।१०।८	११५१६२९६	०८२।३।१५	३१०००००	२०८३।३।३० सम्मको कार्यसम्पादन जमानत पेश भएकोमा २०८३।४।१५ सम्मको हुनुपर्ने
		जम्मा			३९०५०००	

प्रमाण पेश नगरेको	३९,०५,०००

६४ विर फाखेल मैत्री पार्क निर्माण

विर फाखेल मैत्री पार्क ईन्द्रसरोवर ४ मकवानपुरको लागि रु.५,७८,२४,०३२ को लागत अनुमान तयार भई २०७८।६।२० मा निर्माण व्यवसायी देव सायर ड्रागन ग्यानेस जे भिसँग ३९९००८२८ को लागतमा २०७९।११।१९ सम्म सम्पन्न गर्ने गरी सम्झौता भएको छ । निर्माण व्यवसायीवाट ६६०७३०४ को माछापुच्छ्रे बैक लिमिटेडको कार्यसम्पादन जमानत २०२७ अगष्ट १५ सम्म थप गरेको प्रमाण पेश भएको र पेश्कि बाँकी नरहेको पालिकाले जनाएको छ । कार्यपालिकाको २०८१।१।४ को बैठकले सार्वजनिक खरिद नियमावलीको १३ औ संशोधनवाट २०८१।८।३० सम्म म्याद थप गरेको छ । काम ढीला भएको सम्बन्धमा पालिकावाट च नं ७७४/०८०।९।१३ लगायत पटक पटक लिखित स्पष्टीकरण सोधिएको पाईयो । पालिकाले मिति २०८०।१।११ सम्म ४९३९७४१ काम गरेको नापी किताव तथा प्रथम रनिङ्ग बिलमा काम भएको देखिएकोमा हालसम्म ३२३१९२२ भुक्तानी भएको पालिकाले जनाएको छ । म्याद समाप्त भएकोले नियमावली तथा शर्त बमोजिम आवश्यक कारवाही हुनुपर्दछ ।

६५ अधुरो कार्य स्वीकार

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम समयमा नसक्ने भएमा सोको जानकारी कार्यालयलाई गराउनु पर्ने र कार्यालयले आवश्यक जाँच गरी समितिसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र नियमावली बमोजिम गराउनु पर्ने उल्लेख छ ।कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराएका योजनाहरु सम्झौतामा तोकिए अनुसारको काम नगरेको अवस्थामा समेत अधुरो कार्य स्वीकार गरी रकम भुक्तानी दिएको छ। यसरी अधुरो कार्य स्वीकार गरी भुक्तानी भएका केही उदाहरण देहाय बमोजिम रहेका छन्;

योजनाको नाम	निर्माण गर्ने उपभोक्ता	सम्झौता रकम	मूल्याङ्कन	भुक्तानी रकम	बाँकी काम	सम्झौता रकम अनुसार प्रगति प्रतिशत	नभएको काम (आंशिक मात्र भएको)
टौमाठ -खल्चो माथिल्लो वस्ती सडक निर्माण	टौमाठ -खल्चो माथिल्लो वस्ती सडक निर्माण उपभोक्ता समिति	३४४९६५	२८२२००	२४४९८०	९९९८५	८१.८	Road way Excavation ordanary/hard soil -868.13 cum
खानीखेत सुलीकोट बस्ती बचाउ	खानीखेत सुलीकोट बस्ती बचाउ निर्माण उपभोक्ता समिति	१०१९९७१.२२	८०१४६८	६९४३२२	३२५६४९	७८.५७	Excavation of the riverbed deposited debns and making the channelizing of the river- 2504.31 cum
					४२५६३४		

उल्लिखित विवरण अनुसार २२ प्रतिशत कम सम्पादन गरेकोमा समेत सो सम्पादित कामलाई नै कार्य सम्पन्न मानी रकम भुक्तानी गरी योजना फरफारक गरेको पाइयो । उपभोक्ता समितिबाट सम्झौता बमोजिमको कार्य पुरा नगराई अधुरो कार्य स्वीकार गरी भुक्तानी दिएको र बाँकी काम रु.425634 को सम्पन्न गर्न थप पहल नगरेको तथा नियममा व्यवस्था भए बमोजिम उपभोक्ता समितिसँग सम्झौता तोडी बाँकी निर्माण कार्य नगराएकोले उक्त अधुरो कार्य उद्धेश्यमूलक तथा प्रतिफलदायी देखिएन । खर्च सान्दर्भिकताको लागि नियमावलीमा व्यवस्था भए बमोजिम सम्झौता अनुसारको काम पुरा गराउनु पर्दछ ।

६६ **काम बाँकी हुँदाहुँदै कार्यसम्पन्न प्रतिवेदन जारी गरेको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ को २ (क) मा निर्माण कार्यको हकमा कम्तिमा नब्वे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्धेश्यअनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा भएको अवस्था भएमा र सम्वन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसारका योजनामा ९० प्रतिशत भन्दा कमको काम मात्र सम्पन्न भएको अवस्थामा समेत पालिकाले सो को प्राविधिक प्रतिवेदन समेत संलग्न नगरी कार्य स्वीकार गरेको र कार्यसम्पन्न प्रतिवेदन जारी गरी अन्तिम भुक्तानी गरेको पाईयो । यसरी निम्नानुसारका योजनामा रु.४०,२५,३५५ बराबरको काम नभएको अवस्था निर्माण व्यवसायीवाट काम नभएको रु.3599721 को समेत कार्यस्वीकार गरी कार्यसम्पन्न प्रतिवेदन जारी गरेको नियमसम्मत नदेखिएको रू.

योजनाको नाम	निर्माण व्यवसायी	सम्झौता रकम	मूल्याङ्कन	भुक्तानी रकम	बाँकी काम	सम्झौता रकम अनुसार प्रगती प्रतिशत	नभएको काम (केहि मात्र भएको)	
सानुटार ठुल्टार अदुवारी जोड्ने सडक	एरोन गुरु सिपाली जे.भी	११५१६२९६.२१	९३१२३६७.२१	९३१२३६७.२१	२२०३९२९	८०.८६	Road way and drain Excavation all types soil	32.9 cun
							Road way Excavation hard soil	8.75 cun
							Structure foundation excavation of all types of soil	976.26 cum
							Hand pack stone soling	69.95 cu
							Pcc M10 1:3:6	59.79 cu
							Plum concrete work	269.77cu
							Granular sub base work	277 cum
							PCC M20 work	13.56 cu
							450 Rcc NP3 flush jointed pipe for culvert	12.5 con
							300 Rcc NP3 flush jointed pipe for culvert	5 cum
पुरण्डि वहुआयामिक खानेपानी योजना	M/S Shridhi Suppliers and Developer Pvt. Shantinagar-31, Kathmandu	९६५५९४०	८२६०१४८	८२६०१४८	१३९५७९२	८५.५४	Pcc M 15 work	10.22 cum
							Brick masonary work 1:4 c/s	4.27 cu
							PCC M20 work	10.31
							Supplying,laying and joiting 20mm HDPE PN16 pipe	460 rm
							Supplying,laying and joiting 15 mm dia GI pipe	177.06 rm
							Supplying,laying and joiting 20 mm dia GI pipe	194.32 rm
							Supplying,laying and joiting 25 mm dia GI pipe	50 rm
							Supplying,laying and joiting 32	265.31

							mm dia GI pipe	
							Supplying,laying and joiting 40 mm dia GI pipe	18.51m
							Supplying,laying and joiting 65 mm dia GI pipe	21.77 m
							various jointings and fiting	various
					३५९९७२१			

सम्झौता अनुसार उल्लिखित सानुटार ठुल्टार अदुवारी जोड्ने सडक र टौमाठ -खल्चो माथिल्लो बस्ती सडक निर्माण कार्य सम्पन्न नहुँदा योजनाले अपेक्षा गरेको सडक उपयोगकर्ताहरुको सहज आवागमनमा प्रत्यक्ष प्रभाव परेको,पुरण्डि बहुआयामिक खानेपानी योजना सम्पन्न नहुँदा स्थानीय उपभोक्ता लगायत सर्वसाधरण आयोजना प्रभावितको समयमै शुद्ध पिउने पानी प्राप्त गर्ने चाहना पुरा हुन नसकेको र खानीखेत सुलीकोट बस्ती बचाउ योजना पुरा नहुँदा स्थानीय लगायत आयोजना प्रभावितको जीवन जोखिम कायमै रहेकोले सम्झौता अनुसार योजना पुरा गर्ने गराउने तर्फ जिम्मेवार पदाधिकारीको ध्यानाकर्षित हुनु पर्दछ ।

अनियमित भएको	३५,९९,७२१

६७ **ब्राण्ड तोकेर खरिद प्रकृया :** (२९-2081-10-19):

सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ मा प्रतिष्पर्धा सिमित हुने गरी स्पेशिफिकेशन तथा लागत अनुमान तयार गरी कुनै कम्पनी, ब्राण्ड विषेशलाई मात्र लाभ पुर्‍याउन खरिद प्रकृया अवलम्वन गर्न नपाईने उल्लेख छ ।पालिकाले डेल ३५३० i5 ल्यापटप थान २, डेल ३५२० i5 २ थान, डेल डेस्कटप कम्प्यूटर डेस्कटप कोर i5 ३ सेट स्टार कम्प्युटर सिस्टम हेटौँडा बाट रु.६१४००० मा खरिद गरेको छ। उल्लिखित सामानको डेल ब्राण्डका कम्प्युटरको स्पेशिफिकेशन तथा लागत अनुमान तयार गरी कोटेशन माग गरी खरिद गरेको पाइयो । ब्राण्ड विषेशलाई मात्र लाभ पुर्‍याउन खरिद प्रकृया अवलम्वन नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	६,१४,०००

६८ **चट्टयाङ न्यूनीकरण अर्थिङः** (१११-2082-01-22):

सार्वजनिक खरिद ऐन २०६३को दफा ४४ मा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिए बमोजिमको कार्यविधि पुरा गरी त्यस्तो कार्य गराउन सक्ने व्यवस्था छ । सार्वजनक खरिद नियमावली २०६४को नियम ९७ (१४) क र ग मा मा स्थानीय साधन ,स्रोत, श्रम र सीप उपयोग हुने खालका श्रम मूलक योजना तथा कार्यक्रम उपभोक्ता मार्फत गराउन सकिने उल्लेख छ । उपभोक्ता पाललिकाले चट्टयाङ न्यूनीकरण अर्थिङ जस्तो विषेश प्राविधिक सीप चाहिने जोखिम युक्त कार्य छापखोरिया चट्टयाङ न्यूनीकरण उपभोक्ता समिति मार्फत ईन्द्रसरोवर गाउँपालिका वडा नंबर २ छापखोरियाका ११ वटा घरमा चट्टयाङ न्यूनिकरण अर्थिङ कार्यको लागि रु ३३५६५७ को लागत अनुमान तयार गरी कार्य सम्पन्न पश्चात उपभोक्ताको अंश कटाई रु.२८९१०३ भुक्तानी दिई गराएको पाइयो । विशेष किसिमको प्राविधिक दक्षता चाहिने जटिल कार्य उपभोक्ता समिति मार्फत गराउनु उचित देखिएन ।

६९ **काप्राड खानेपानी योजना सिस्नेरी-**

६९.१ **ठेक्का तोडिएको :** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्बजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई अर्थात् निर्माण स्थलको सुनिश्चतता नभई बोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ । इन्द्रसरोवर गाउँपालिकाको बडा नं. ३ स्थित काप्राङ खानेपानी योजनाको कार्यान्वयनको लागि पालिकाले रु.२४९६४३२.११ को लागत अनुमान तयार गरी ठेक्का प्रकृया अगाडि बढाएकोमा (ठेक्का सम्झौता नं. IRM/NCB/WS/02/079/080) श्री ह्युल्सा निर्माण सेवा, बौद्ध काठमाण्डौ संग २०८० जेठ १ गते कार्य सुरु गरी मिति २०८० असार १५ गते सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी रु.१९,२३,६२३.२४ ठेक्का सम्झौता भएको अर्थात्

लागत अनुमानको २२.९५ प्रतिशत घटी कवोल गरेको देखिन्छ । निज निर्माण व्यवसायीले सम्झौता बमोजिम आवश्यक पोलिथिन पाईप लगायत निर्माण सामाग्री र कामदार सहित निर्माण स्थलमा निर्माण कार्य थालनी गर्दै गर्दा खानेपानी मुहान क्षेत्रका स्थानीय बासिन्दाहरुले अवरोध गरी निर्माण कार्य गर्न नदिएको र सो सम्बन्धमा आवश्यक पहल तथा समन्वय गर्दा समेत उक्त विवाद समाधान गर्न नसकिएकोले आ.व. २०७९/०८० मा ठेक्का सम्झौता बमोजिम उक्त योजना कार्यान्वयन हुन नसकेको र आ.व. २०८०/०८१ मा समेत उक्त योजनाको लागि बजेट बिनियोजन भएको र उक्त योजनाको कार्यान्वियनको लागि पुन:बोलपत्र आव्हान गरी ठेक्का व्यवस्थापन गर्नु पर्ने भनी कार्यपालिकाको २०८०।६।६ को निर्णय निर्णय नंबर ५ अनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(२) ख, (२) ग र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२७ बमोजिम कार्यालय तथा निर्माण व्यवसायी दुवैको हित तथा सुविस्ताको लागि निर्माण व्यवसायीले खरिद गरी ल्याएको निर्माण सामाग्री निर्माण स्थलवाट हटाउने र कार्यालयमा कुनै पनि किसिमको दावी गर्न नपाउने र कार्यालयबाट कुनै पनि किसिमको जरिवाना तथा कारवाही नगर्ने नगराउने र यस सम्बन्धमा निर्माण व्यवसायीको तर्फबाट कुनै पनि किसिमको उजुर नगर्ने गरी दुवै पक्षको सहमतिमा ठेक्का अन्त्य गरेको पाईयो। उक्त ठेक्का अधुरो रही ठेक्का अन्त्य गर्नुपर्ने अवस्था आएको छ । यसमा सम्बन्धित कर्मचारी जिम्मेवार हुनुपर्दछ

६९.२ **गैर सरकारी संस्थाबाट कार्य :**-ईन्द्रसरोवर गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८० को नियम १०९ गैर सरकारी संस्थाबाट काम सार्वजनिक खरिद ऐन २०६३ को दफा ४६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउँदा लागत अनुमान तयार पार्नु पर्ने, गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो काम गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्थाहरु मध्येबाट सबै भन्दा कम रकम कबोल गर्ने प्रस्तावदाता छनौट गरी सम्झौता गर्नुपर्ने व्यवस्था छ। पालिकाले काप्राङ खानेपानी योजना सिस्नेरीको ठेक्का सम्झौता नं. IRM/NCB/WS/02/079/080 को योजना ठेक्का रद्ध गरेकोमा पुन: पालिकाले छनौटको आधार उल्लेख नगरी मानविय सेवा तथा अन्तर साँस्कृतिक आदन प्रदान केन्द्र नेपाल, CHOICE HUMANITARIAN NEPAL संग ईन्द्रसरोवर गाउँपालिका वडा नं ३ काप्राङ खानेपानी योजना कार्यान्वयन गर्न २०८१।१।१७ मा सम्झौता गरेको पाइयो । सम्झौता अनुसार काप्राङ खानेपानी योजना सिस्नेरीको कुल लागत रु.१,६०,४०,६१९।८३ मध्ये मानवीय सेवा तथा अन्तर साँस्कृतिक आदन प्रदान केन्द्र नेपाल, CHOICE HUMANITARIAN ले village maintainance worker tranning, business development tranning,water system maintainance fund,baseline sample survey सहित परियोजनाका लागि रु.६७,५०,००० आर्थिक सहयोग तथा प्राविधिक सहयोग उपलब्ध गराउने तथा आवश्यकता अनुसार स्थानीय जनश्रमदान जुटाउने र द्वितीय पक्ष ईन्द्रसरोवर गाउँपालिकाले आर्थिक ,प्राविधिक, अनुगमन सम्बन्धी कार्य गर्ने उल्लेख छ। उक्त सम्झौतामा आपसी लागत सहभागिताको अंश अन्तर्गत गाउँपालिकाले व्यहोर्ने अंश उल्लेख गरिएको छैन । योजना कार्यान्वयनका लागि गाउँपालिकावाट उक्त संस्थालाई भुक्तानी नभएको पालिकाले जनाए तापनि उक्त योजनाको खर्च तथा प्रगति सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

६९.३ (२७३-2082-03-24):

पाइप खरिद प्रकृया तथा जडान :- कार्यपालिकाको मिति २०८०।६।६ को बैठकको निर्णय नंबर ५ अनुसार सुविस्ताको आधारमा (ठेक्का सम्झौता नं. IRM/NCB/WS/02/079/080) को श्री ह्युल्सा निर्माण सेवा, बौद्ध काठमाण्डौ सँगको ठेक्का अन्त्य गरी पुन: बोलपत्र आव्हान गरी ठेक्का व्यवस्थापन गर्ने निर्णय गरेकोमा उक्त योजनाको प्रयोजनार्थ आ व २०८१।८२ मा रु १० लाख विनियोजन गरी दरभाउपत्र माग गरी दोभान भेन्चर प्रा.लि बाट रु.९,९२,१००.४५ मूल्यका निम्नानुसार ४ किसिमका पाईप खरिद गरेको पाइयो । खरिद भएको पाईप मानविय सेवा तथा अन्तर साँस्कृतिक आदन प्रदान केन्द्र नेपाल, CHOICE HUMANITARIAN NEPAL ले बुझेको भरपाई पेश भए तापनि सो योजनामा प्रयोग भएको देखिने गरी उक्त योजनाको हाल सम्मको वित्तीय तथा भौतिक प्रगति समेत खुल्ने गरी नापी किताब लगायतका प्राविधिक प्रतिवेदन, प्रगति तथा हाल सम्मको खर्च रकम खुल्ने प्रमाण पेश नभएकोले खर्चका प्रमाणहरु पेश हुनुपर्ने रु.

पाईपको प्रकार	परिमाण	रकम (मु अ कर वाहेक)
DN-40-PN16 SDR-9	२३० मिटर	३३४६५
DN-50-PN12.5 SDR-11	२४५० मिटर	४६१८२५
DN-50-PN16 SDR-9	६५० मिटर	१४७८७५
DN-63PN-12.5 SDR-11	८०० मिटर	२३४८००
		मु अ कर समेत रु.९९२१००.४५

प्रमाण पेश नगरेको	९,९२,१००

७० **प्रशासकीय भवन निर्माण -**

ठेक्का नं ०१-२०७८/७९, संघीय सरकारबाट ६० प्रतिशत र स्थानीय तहबाट ४० प्रतिशत योगदानमा सम्पन्न हुने गरी २०७८।७९ मा ठेक्का प्रकृया शुरु गरि मिति २०७८।७।८ मा निर्माण व्यवसायी उमा।मनकामना ।R.B. जे. भि. संग मुल्य अभिवृद्धि कर समेत लागत अनुमान ११ करोड ३८ लाख ५२ हजार को तुलनामा ५.६१ प्रतिशत घटी रहेको ठेक्का रु.१०,७४,६४,६९२।६४ लागतमा २०८०।६।३० सम्पन्न गर्ने गरि निर्माण व्यवसायी संग २०७८।७।८ मा संझौता भएको देखिन्छ । आ व २०८१।८२ सम्म ११ वटा रनिङ वील बाट मूल्य समायोजन समेत रू.७०५६०४३२.४० भुक्तानी भएको छ ।

म्याद थप :- सम्झौता अनुसार भएको प्रशासकीय भवन २०८०।६।३० सम्म कार्य सम्पन्न गर्नुपर्नेमा निर्माण व्यवसायीले निर्माण स्थलमा जाने सडक नबनेको विद्युत, पानी को पहुँच नभएको, नेपाल सरकारले नदी जन्य पदार्थ उत्खननमा रोक लगाएको र अतिरिक्त चट्टान कटिङ गर्नुपरेको जनाई निर्माण व्यावसायिले २०८१।४।२ मा म्याद थप मागेकोमा कार्यपालिकाको २०८०।६।६ को निर्णयले २०८१ साल श्रावण मसान्तसम्म म्याद थप गरेको पुनःकार्यपालिकाको २०८१।०४।२० को अर्को निर्णय गरी सोही प्रकृतिको कारणको अतिरिक्त निर्माण सामाग्रिको मूल्य वृद्धि, संघीय बजेट निकासा माग गरेकोमा समेत स्थानीय पूर्वाधार विभागबाट फिर्ता गरेको लगायतका कारण जनाई २०८१ चैत्र मसान्त सम्म अन्तिम पटकका लागि भनी दोस्रो पटक म्याद थप दिएको देखिन्छ । कार्यालयले दोश्रो पटकको लागि दिएको म्याद २०८१ चैत्र मसान्तमा सकिए तापनि निर्माण व्यावसायीले म्याद सकिएको २१ दिन पछि अर्थात् २०८२।१।२१ मा भेरियसन आदेश स्वीकृतिको अन्योलता लगायत विविध कारण तोकिएको समयमा काम सम्पन्न गर्न नसकेको भनी सार्वजनिक खरिद नियमावली २०६४ चौथौ संशोधन नियम १२० (क) अनुसार २०८२ चैत्र मसान्त सम्म म्याद थप मागेकोमा कार्यपालिकाको २०८२।२।१४ को निर्णय नं १ बाट २०८२ चैत्र मसान्त सम्म म्याद थप भएको छ ।यसरी पटक पटक गरी शुरु सम्झौता अवधिको १२५ प्रतिशत अर्थात् शत प्रतिशत भन्दा बढी अवधि म्याद थप हुँदा समेत ५९.३७ प्रतिशत मात्र कार्यप्रगति भएको देखिन्छ ।२०८२ असार सम्म मुख्य प्रशासनिक भवनको स्ट्रक्चरको काम मात्र सम्पन्न भएको र त्यसपछिको गार्हो लगाउने, स्यानीटेशन पाईपीङ र फिटिङ, इलेक्ट्रिफिकेशन रङ रोगन र अन्य एसेसोरिज जडान गर्ने कार्य हुन सकेको छैन भने इजलास भवनको निर्माण कार्य शुरु नै नभएको अवस्था छ । पालिकाको अंश समेत भुक्तानी नभएको र संघीय श्रोतवाट समेत रकम प्राप्त नभएको कारण भुक्तानी गर्न नसकिएको मौखिक जानकारी प्राप्त भएको छ । पालिकाले ठेक्का लगाउँदा स्रोत सुनिश्चितता गरे तापनि सामयिक रुपमा बजेट विनियोजन नभएकोले यस्तो अवस्था सिर्जना भएको देखिन्छ । पालिकाले प्रशासकीय भवन निर्माणको काम समयमा सम्पन्न गर्नको लागि थप पहल गर्नुपर्ने देखिन्छ ।

७१ **कालिका मा वि फाखेलचौर छापडाँडा लक्ष्मी खोला सडक निर्माण -**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा १ करोड सम्मको निर्माण कार्य उपभोक्ता समितिवाट गराउन सकिने उल्लेख छ । पालिकाले कालिका मा वि फाखेलचौर छापडाँडा लक्ष्मी खोला सडक निर्माणको लागि उपभोक्ता समितिसँग रु.३३०१६८८ को लागतमा सम्पन्न गर्ने गरी २०८१।८।९ मा सम्झौता भएकोमा मिति २०८१।११।२७ मा रु.३३५६३१२ को सम्पन्न भएको देखिन्छ । योजनाको आईटम नं ७ को loading unloading stone boulder aggregates को ४८१.२८ घनमिटरको रु.३८०.५४ का दरमा

रु.१८३१३३.७० र आईटम नं ८ को loading unloading of soil को ६०९.३८ घनमिटरको रु.११७.०१ का दरमा रु.७१३०३ समेत भुक्तानी भएको छ । यसरी लागत अनुमानमा दर विश्लेषण समेत नराखी भुक्तानी भएको र सो आईटमको कुन चेनेजको कति दुरीमा हलेज र डम्प गरेको हो प्रमाण कागजात समेत संलग्न नगरी भुक्तानी भएको अनियमित देखिएको रु.

अनियमित भएको	२,५४,४३६

७२ **अधुरा/निरन्तर योजना कार्यान्वयन :-**

ईन्द्रसरोवर गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८० को नियम ७ मा खरिद कार्यको लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कार्य शुरु गर्न नहुने उल्लेख छ । योजनालाई सालबसाली अपर्याप्त बजेट विनियोजन गरी वार्षिक लागत अनुमान र योजना सम्झौता गरी पटक पटक गरी निर्माण कार्य गराँउदा लागत बढ्ने, योजना पूर्ण रुपमा सम्पन्न गर्न समय बढी लाग्ने, गुणस्तर र दिगोपना सुनिश्चित नहुने र समयमै उपयोग तथा लाभ लिन नपाउने भएकोले कार्यान्वयन योग्य सालबसाली योजना प्राथमिकीकरण गरी आर्थिक वर्ष भित्रै योजना सम्पन्न गर्ने गर्ने गरी प्रयाप्त बजेट विनियोजन तथा कार्यान्वयन हुनु पर्दछ ।

भौ नं	मिति	योजनाको नाम	निर्माण गरेने	लागत अनुमान	मूल्याङ्कन	भुक्तानी रकम
३८	२०८१।१०।२८	काशीचौर अधुरो सामुदायिक भवन निर्माण योजना	काशीचौर अधुरो सामुदायिक भवन निर्माण उपभोक्ता समिति	२७५१८६.०२	२८९१८९	२४२५००
७४	२०८१।१२।१३४	फलेचौर टिम्बुर डाँडा अधुरो सडक निर्माण योजना	फलेचौर टिम्बुर डाँडा अधुरो सडक निर्माण उपभोक्ता समिति	३३०९२२	३३३११९.३७	२९१०००
२०६	२०८२।३।२१	छेडे भञ्याङ अधुरो समाधी स्थल निर्माण योजना	छेडे भञ्याङ अधुरो समाधी स्थल निर्माण उपभोक्ता समिति	३८५१४४	३८०८९४	३३२८२८
२१०	२०८२।३।१०	अधुरो स्वतन्त्र गस्पेल चर्च निर्माण योजना	अधुरो स्वतन्त्र गस्पेल चर्च निर्माण उपभोक्ता समिति	२२०५०७	२२६०९१	१९४०००
७७	२०८१।१२।१२	फलेचौर अधुरो सामुदायिक भवन अधुरो सेफ्टफ वाल निर्माण योजना	फलेचौर अधुरो सामुदायिक भवन अधुरो सेफ्टी वाल निर्माण उपभोक्ता समिति	३३३०९७.३९	३३३१०३	१९१०००
१४०/१७८	२०८२।२।८, २०८२।३।४	राकसखोला अधुरो समाधिस्थल निर्माण योजना	राकसखोला अधुरो समाधिस्थल निर्माण उपभोक्ता समिति	४९५८७३	५०१५८३	४४२४९९

७३ **भारी उपकरणको प्रयोग :-**

सार्वजनिक खरिद ऐन २०६३को दफा ४४ मा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिए बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कार्य गराउन सक्ने व्यवस्था छ । ईन्द्रसरोवर गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८० को नियम १०७(९)मा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नु पर्ने जटिल प्रकृतीको कार्य भनी उल्लेख भएकोमा सम्बन्धित प्राविधिकको सिफारिसमा गाउँपालिकाबाट स्वीकृती लिएको अवस्थामा वाहेक उपभोक्ता कार्यमा हेभी मेशिन प्रयोग गर्न नहुने उल्लेख छ । पालिकाले निम्नानुसारका उपभोक्ता समिति संग गराएको निर्माण कार्यमा लागत अनुमान तयार गर्दा जटिल प्राविधिक कार्य भनि उल्लेख नगरेको तथा आफुले प्राप्त गरेको काम निर्माण व्यावसायी मार्फत् मेशिन बाट गराएको देखियो । नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

भौ नं	मिति	निर्माण गर्ने उपभोक्ता समिति	लागत अनुमान/ सम्झौता रकम	मूल्याङ्कन	भुक्तानी रकम	मेशिन भाडामा दिने	भाडा रकम	मूल्याङ्कन रकममा भाडा र ईन्धनको प्रतिशत
२२०	२०८२।३।१५	खानी खेत सुलीकोट बस्ती बचाउ उपभोक्ता समित	१००१९७१.२२	८०१४६८	६९४३८८	मच्छेनारायण रोडा ढुङ्गा उदयोगको एक्साभेटर	४६७८२०	१०२
						वास्ताकोटी आयल स्टोरको ईन्धन	३५७४९९	
७४	२०८१।१२।१३४	फलेचौर टिम्बुर डाँडा अधुरो सडक निर्माण उपभोक्ता समिति	३३०९२२	३३३११९	२९१००	गुरु रिम्पोछे कन्स्ट्रक्सन एक्साभेटर र ईन्धन	३०१२०६	९०.४१
७७	२०८१।१२।२१	रामचन्द्र भङ्याङ फिल्ड निर्माण उपभोक्ता समिति	३३१७१४	३३२८१५		मच्छेनारायण रोडा ढुङ्गा उदयोगएक्साभेटर	१५१३३०	९४.९९
						वास्ताकोटी आयल स्टोरको ईन्धन	१६४८३४	
२०३	२०८२।३।११	टौमाठ खल्चो देखि माधिल्लोवस्ती सडक निर्माण उपभोक्ता समिति	३४४९६५	२८२२००	२४४९८०	कालीदेवी निर्माण सेवाको एक्साभेटर	१०५७६८	८१.७०
						ओम नमोनम ईन्भन	१२४८००	
७३	२०८२।३।१२।२२	गणेशगौडा सडक तथा नाली निर्माण उपभोक्ता समिति	४४००३९।२६	४२१३३८।६२	३६०९८१०	गुरु रिम्पोछे कन्स्ट्रक्सन एक्साभेटर	३८५०१९	९१.३७

७४ **कार्यालयको काम उपभोक्ता समितिवाट गराएको -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा उपभोक्ता समितिमार्फत गराएको कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । पालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा सम्वन्धित व्यवस्थापन समितिबाट गराउने वा पालिकाले गराउनुपर्नेमा हस्तान्तरण गर्न नमिल्ने र प्रतिस्पर्धाको माध्यमवाट गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत रू

कार्यक्रम तथा उपभोक्ता समिति	**भुक्तानी खर्च रकम**
चन्द्रगढि स्वास्थ्य चौकीमा ट्रस निर्माण वडा न ५	७०००००
पन्चकन्या मा वि सिलिङ निर्माण	५०००००
स्वास्थ्य चौकी/ खोपकेन्द्र भवन निर्माण सवलिकरण उपभोक्ता समिति	९१७८३६
जम्मा	**२११७८३६**

अनियमित भएको	२१,१७,८३६

७५ **सामाजिक सुरक्षा कार्यक्रमः**

सामाजिक सुरक्षा भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नुपर्ने

व्यवस्था छ। पालिकाबाट सामाजिक सुरक्षा संरक्षण कार्यक्रमको लागि यो वर्ष रू.६३३०७४००.०० बजेट विनियोजन भएकोमा रु.६३१६१३१२ खर्च भएको आर्थिक विवरण पेश भएको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन् ।

७५.१ **निष्कृय लाभग्राहीः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २३(५) मा सामाजिक सुरक्षा भत्ता वितरण गर्न खाता सञ्चालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरुमध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै सामाजिक सुरक्षा तथा पञ्जीकरण विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले गत आ.व. मा निष्कृय रहेको एकमुष्ट विवरण सम्बन्धित बैँकबाट प्राप्त गरेको छैन । कार्यविधि बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैँकहरुले निष्कृय खाताको विवरण तोकिएको समयावधिमा तयार गरी पालिकालाई उपलब्ध गराउने र स्थानीय निकायले पनि समयमा नै विवरण प्राप्त गरी धेरै लामो समयसम्म निष्क्रिय रहेको खाताको रकम यकिन गरी फिर्ता हुने व्यवस्था मिलाउनु पर्दछ।

७५.२ **निरीक्षण तथा अनुगमनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाई, प्रदेश सरकारको मन्त्रालय तथा गाउँ कार्यपालिकाका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुख वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएता पनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन ।

७५.३ **मृत्यु भएका सेवाग्राहीलाई भत्ताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं ९ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको योग्यता सम्बन्धमा व्यवस्था छ साथै सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १३ मा सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिको नाम हटाउने र उपनियम ४ मा ऐन विपरित हुने गरी भत्ता . लिएको पाईएमा सरकारी बाँकी सरह असुल गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ।तर पालिकाले दोहोरो परेको र मृत्यु भइसकेका केही लाभग्राहीको लगत कट्टा नगरी भत्ता खर्च लेखेको छ । पालिकाबाट पेश भएको मृत्यु दर्ताको आधारमा मानी नमुना छनौट गरी परीक्षण गर्दा निम्नानुसारको लाभग्राहीलाई पाउने रकम भन्दा बढी रू.८६२४।- रकम भुक्तानी दिएको देखिएकोले उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने देखिएको रु.

सि.न.	परिचयपत्रनं	लाभग्राहीकोनाम	बैंकखातानं	भुक्तानीभएकोरकम	मृत्युभएकोमिति	भुक्तानीहुनुपर्नेरकम
१	2020110201098	Sanu Tamang	35607010003428	४७८८०	२०८२।१।२६	३९२५६

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **६,२२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **३,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१८,४१२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	८,६२४

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : इन्द्रसरोवर गाउँपालिका, मकवानपुर , इन्द्रसरोवर गाउँपालिका , मकवानपुर

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Ramchandra Lama	२०८१-०७-२७	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
५३१,३०८	१६,७०७,५१७	१०,१८८,२१६	०	०	७,८०२,१७२
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	३५,२२९,२१३
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	११६,१३५
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	३५,११३,०७८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		६८१५०७७६	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२७१३११३६०	चालु खर्च	२६५५२१५६९
प्रदेश सरकारबाट अनुदान	४१०४२४७२	पूँजीगत खर्च	१३६५१७२९०
राजश्व बाँडफाँट	९४३१००१७	वित्तीय/अन्य व्यवस्था	६९८१३९८३
आन्तरिक आय	७६८८४३७.०		
अन्य आय	४०५३७८०५		
कुल आय	४५४८९००९१.०	कुल खर्च	४७१८५२८४२
बाँकी मौज्दात		५११८८०२५	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

इन्द्रसरोवर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, मकवानपुर

कार्यालयको कोड : ८०३३२५०१३००

वित्तीय प्रतिवेदन

आ.व. : २०८१/८२ अवधि : २०८१/०४/०१ - २०८२/०३/३२

प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

क्र.स./आर्थिक सङ्केत	विवरण	चालु आ.व.को कारोबार	गत आ.व. को कारोबार
११०००	कर	८३६४९३५८.९८	८४९४८०१४.४२
१३०००	अनुदान	२३५०१०८६२.	२५१९७७९७०.०२
१४०००	अन्य राजस्व	२२२१९३०३.१८	४९५७७७३१.७८
१५०००	विविध प्राप्ति	५०,९६८.००	०
क	कुल जम्मा प्राप्ति	३४०९३०४९२.१६	३८६५०३७१६.२२
३	चालु	२४१०८६७४७.५९	२६४३३८८९०.४३
२१०००	पारिश्रमिक / सुविधा	१३५३१८०००.	११४२६६५२९.
२२०००	मालसामान तथा सेवाको उपयोग	१०३६९९०४४.५९	१४८०६०९९५.४३
२७०००	सामाजिक सुरक्षा	०	३४९०००.
२८०००	अन्य खर्च	२०६९७०३.	१६६२३६६.
४	पुँजीगत	१२२८४१६८८.	१२६२०३००५.
३१११०	भवन तथा संरचना	१६८४११५५.४८	५२४०१०.
३११२०	सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स	२१५६०४०.	२५१४२११.
३११५०	सार्वजनिक निर्माण	१०३८४४४९२.५२	८४९१२७२६.
३११६०	निर्मित संरचनाको सुधार खर्च	०	२३०१०४९.
३११७०	पुँजीगत सुधार खर्च	०	३५९५१००९.
ख)	कुल जम्मा भुक्तानी	३६३९२८४३५.५९	३९०५४१८९५.४३
ग)	बचत /कमी (ग = क-ख)	-२२९९७९४३.४३	-४०३८१७९.२१
घ)	धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	५२०१०८३.९६	-१६८३६१२७.५२
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी	-३१७४१४.	-३४३३६३.
ङ)	यस आ.व.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	-१७७९६८५९.४७	-२०८७४३०६.७३
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	६७८०७४१३.४६	८८६८१७२०.१९
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन		
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	५००१०५५३.९९	६७८०७४१३.४६

बेरूजु दफा ६०.२ सँग सम्बन्धित विवरण - अनुसूची -४

ठेक्का नम्बर	निर्माणव्यवसायी	कार्यक्रम	लागत रकममु.अ.क. समेत	सम्झौता रकममु.अ.क. समेत	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने मिति	भुक्तानी खर्च रकम भेरिसन मूल्य समायोजन र भ्याटसमेत			यस वर्ष बजेट
							यसवर्ष	बाँकीकाम	यसवर्ष सम्म	
IRM/NCB/Roads/01/081/082	श्री M/S ARON-GURU-SIPALI JV	Name of Project: Sanutar Thultar Aduwabari hudai sulikot jodhne sadak	19,368,380.52	11,516,296.21	15/10/2081	०२/१५/२०८२	9,185,173.08	2,331,123.13	79.76	प्रदेश समपुरक बजेट छैन
IRM/NCB/ROADS/03/081/82	M/S Ayushree-X nirman JV	Construction and Improvement of sanotar Thultar Damki Road Project	29,224,950.70	20,000,193.75	12/12/2081	3/15/2082	8,774,592.17	11,225,601.58	43.87	संघ समपुरक बजेट छैन
IRM/NCB/Roads/05/081/082	Kunti Nirman Sewa Pvt.Ltd.Kathmandu-10,Thapagaun	Construction and Improvement of Jyamire-Gogane-Bhalukhark-Kafleni-Ghaiyadanda Road Project	19,998,223.99	13,566,721.96	1/4/2082	3/23/2082	9,622,490.50	3,944,231.46	70.93	प्रदेश समपुरक बजेट छैन
		जम्मा		45,083,211.92				17,500,956.17		

सुझाव

गाउँपालिकाद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस पालिकाले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा पालिकाले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम हुने गरी निर्माण गर्नुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ।अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पालिकामा निर्माणाधीन कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ ।